# नेपाल देशको इतिहास

( गत संख्या १४ को बांकी )

जसले यस करुणाष्टकस्तवको २५ श्लोक यथाक्रमले पाठ गर्ला त्यसको जन्म सफल होला । नाममात्रले पनि दुःस्वप्नादिको नाश होला । त्यसलाई ईश्वरले पदार्थविषयका सर्वकार्यमा रक्षा गरून् ।" यस्ता प्रकारले बन्धुदत्त आचार्यले बनाएको श्री मर्यादावलोकितेश्वरको करुणाष्टक स्तोत्र पाठ गरी प्रचार गरे । राजा नरेन्द्रदेवले पनि सुप्रभातं प्रभातं दशबल तव नित्यं इत्यादि संस्कृत भाषाबाट स्तोत्र बनाई स्तुति गरे । यस्ता प्रकारले राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्तले मन्त्रका प्रभावद्वारा श्री मत्स्येन्द्रनाथलाई यस नेपालमा आकर्षण गरेर स्थिर राखी पूजादि महोपचारले मान्ने गरे । यिनलाई नेपालमा पहिले विराजमान गराएको समय– अतीत गतकलिवर्षेषु रसाग्निषु (३६) नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ।

कलि गताब्द ३६ भएमा मत्स्येन्द्रनाथलाई नेपालमा प्राप्त गराए । ती राजाले यी सहकाली देवता हुन् भनी यिनको प्रतिवर्ष यात्रा उठाउनालाई कर्कोटक नागका आकारको बाह्र हात अग्लो रथ, चार भैरवका आकारका प्रमाणको रथका चक्रसमेत रथका सबै अवयवहरू पूर्ण गरी रथ तयार गरे । क्रमैले विधिपूर्वक यात्रा आरम्भ गरे । ललितापुरीमा मत्स्येन्द्रनाथपुर भन्ने एक जनपद बनाई त्यहीं मत्स्येन्द्रनाथको देवालय बनाएर छ महीनासंम त्यहीं विराजमान गराउनुपर्ने रीत चलाए । विधिपूर्वक कर्महरू गरी प्रतिवर्ष यात्रा चलाए ।

मत्स्येन्द्रयात्रासदृशी नास्ति ब्रह्माण्डमण्डले ।

उनले लोकमा यस्तो शिष्टोक्ति पनि प्रख्यात गरे । यिनै आर्यावलोकितेश्वरको संस्कृत भाषाका उपदेशले प्रतिवर्ष वैशाख महीनाभर श्री पशुपतिनाथलाई जल चढाउने रीत पनि चलाए । यसरी जल चढाउने कार्य प्रतिवर्ष हुंदै जांदा यस देशमा दुनियाँहरूको अनावृष्टिको भय पनि निवारण भयो । यी मत्स्येन्द्रनाथको प्रथम आकार बनाउनालाई चित्रकर्म गर्दा मृत्तिका झिकेका स्थानमा अद्यापि तृणवृक्षहरूको अंकुरसंम पनि उम्रदैन । यस्ता रीतसंग चाहिंदो प्रबन्ध पुर्‍याई प्रतिवर्ष यात्रा चलाइसकेपछि पृथ्वीमण्डल सबै ठाउँमा उनको कीर्ति फैलिई लोकमा उनलाई धन्य धन्य भनी गान गर्न लागे ।

अघि बन्धुदत्तले मत्स्येन्द्रनाथलाई आकर्षण गर्दा राजालाई गोडाले हानी उठाएका हुनाले यसलाई तीन टुक्रा गर्न पाए हुँदो हो भनी राजाले मनमा चिताएका थिए । यस्तो चिताउने भनी बन्धुदत्तले पनि मनमा लिएका थिए । त्यसकारण दिग्दार भई बन्धुदत्तले ईश्वरको खूब भक्तिभावनासहित नामकीर्तन गर्दै देहत्याग गरी मत्स्येन्द्रनाथका दाहिना पाउमा वास गरे । राजाले पनि आफूले आचार्यलाई चिताएको पापकर्म संझी त्यसै रीतले देहत्याग गरी वाम पाउमा वास गरे । यसकारण मत्स्येन्द्रनाथका चरणकमलको दर्शन गर्दा दुइ भक्तले संयुक्त छन् भनी पाउ नछोएर टाढैबाट नमस्कार गरी दर्शन गर्दछन् ।

अघि ललितपुरमा लोकनाथ, मीननाथहरूको यात्रा प्रतिवर्ष गर्दथे । यी मत्स्येन्द्रनाथलाई ल्याएपछि खलि मीननाथ, लोकनाथको मात्र यात्रा थामी मत्स्येन्द्रनाथको यात्राकर्म महोत्सव गर्ने गरे । यी राजा नरेन्द्रदेवले लोकमा अरू धेरै किसिमको कीर्ति चलाई नेपालमा श्री मत्स्येन्द्रनाथलाई ल्याएर स्थिर गरी स्थापना गरे भन्ने नाम समुद्रसंम सबै ठाउँमा फैलियो । उनका यात्राविधिको प्रबन्धसमेत

गरी धन्य कहलाए। आखिर परमेश्वरका चरणकमलको आश्रय गरी हरिनामकीर्तनपूर्वक देहको त्याग गरेर उनका चरणमा लीन भए। राजा शिवदेवदेखि सात पुस्तामा यी राजाको राज्यभोगान्त हुँदा त्यस बखत कलिगताब्द ... भयो।

यिनका पुत्र वरदेवले वर्ष २३ भोग गरे। यिनका पालामा शंकराचार्य स्वामीले फेरि यस नेपालभूमिमा आई अघि आफूले चलाई गएको शिवमार्गको चल्ती कत्तिको भएछ भनी हिन्दूधर्मको उन्नति हेरेर फर्के। यी राजाले आपना पिताले स्थिति गरी पूजा चलाएका श्रीमत्स्येन्द्रनाथ-को वर्षबन्धन गराई जो चाहिने पर्वपर्वको र विशेष कामको समेत विशेष सामग्रीले विशेष भक्तिभावनासहित पर्व र कार्य चलाई उनको परमसेवक भएर सेवा गरे। धर्म र नीतिपूर्वक प्रजाको पालना गरी ललितपत्तनको मणिगलभट्ट दरवारमा राज गरेर राज्य भोग गरिरहेका थिए। त्यसै बखतमा अघि हरिसिद्धि त्रिशक्ति भवानीको यथोक्तक्रमले महोत्सवपूर्वक प्रतिवर्ष नाच भइरहन्थ्यो, पछि कुनै राजाका पालादेखि नाच बन्द भएको थियो। यी राजाले जान्ने, बूढापाका, शिष्ट तथा भलादमीहरूसंग संमत गरी फेरि विधिपूर्वक प्रकाश गरेर बखतबखतमा नचाउने गरे। शंकर स्वामी यहाँ आएका बखतमा यिनका छोरा जन्मेका हुनाले उनको नाम पुरोहितले शंकरदेव राखे।

यी शंकरदेव राजाले वर्ष १२ भोग गरे। यिनले ललितपत्तन शहरमा बसी राज्य चलाएका थिए। दोस्रो रमणीय शहर बनाई त्यहाँ नयाँ प्रकारले प्रजाहरूको बस्ती बसाउने इच्छा गरे। यस ठाउँदेखि त्यस ठाउँसंम शहर बनाउने भनी निश्चय भएका ठाउँमा चाहिने पूजासामा र मद्दतसमेत तयार गरी शिल्पशास्त्रोक्त विधिपूर्वक वास्तु-देवताको पूजा गरे। श्री शाके ५२७ फाल्गुन शुदि २ उत्तराभाद्र नक्षत्र सिद्धि योग वृष लग्न वर्गोत्तम द्वितीय द्रेष्काणमा पूर्णवती नामक शहर बनाउन आरम्भ गरे। शहर बनाउन लागेका ३ वर्षमा पाँच हजार घरहरू तयार भए। उस बखत हाल इन्द्रचोक भन्ने ठाउँमा वाग्मती नदी-को संगम (टेकुदोभान) थियो। केही वर्षपछि त्यो संगम ती दुइ नदीले छाडी एक बाणसंम पर सरी संगम भएको हुनाले अघि संगम भएको होंगल भन्ने ठाउँमा इन्द्रचोक भन्ने देश बसाए। त्यहाँ भएका पीठ र श्मशानसमेत हटाए। खूब मजबूत प्रशस्त घर भएको र प्रजाहरूले गुल्जार भएको शहर बनाएको थियो। त्यस पूर्णवती नामक शहरमा पनि बौद्धाचार्यको संमत लिई बौद्धमतले श्वेतरूप लोकेश्वरको विधिपूर्वक स्थापना गरे। स्वयम्भू, काली, पूर्णकालिका र सिद्धिदायक गणेशसमेतलाई तथा ललितपत्तनमा प्रतिष्ठा-पूर्वक स्थापना गरिएका श्री मत्स्येन्द्रनाथका यात्रागतिका अनुरूपले कत्ति फरक नपर्ने गरी प्रतिष्ठापूर्वक स्थापना गरे। ती देवताहरूको नित्यपूजाको समेत बन्दोबस्त मिलाई मान्यता गरे।

अघि चोभारका आनन्दनाथ आदि लोकेश्वरहरूको यात्रामा खूब रमणीय रथमा राखी देवपत्तन शहरमा घुमा-उँदै यात्रा गराई फर्काएर लान्थे। कुनै वर्ष त्यो रथ वाग्मती र बलखुका दोभानमा आइपुग्दा सबै रथ पानीमा डुब्यो र देवता मात्र बाँकी रहे। त्यस वर्षदेखि रथयात्रा बन्द भयो। त्यो यात्रा बन्द भएपछि पूर्णवती शहर बनाई यी राजाले श्वेतरूप लोकेश्वरको स्थापना गरी मान्न लागेपछि ती दुबै रथ (आनन्दनाथ र श्वेतलोकेश्वरको) एकै साथ बनाई चैत्र शुक्ल अष्टमीका दिन असनमा तीन दिनसंम राखेर यात्रा गर्ने गरे। फेरि यिनैले शंखाकारको शंखपुर (साँखु) भन्ने शहर बनाई श्री उग्रतारादेवीलाई चढाए।

यिनका पुत्र वर्धमानदेवले वर्ष १६ भोग गरे। यिनले पनि त्यस पूर्णवती शहरमा चार हजार घर थपी शहर बढाए :

यिनका पुत्र बलिदेवले वर्ष १२ भोग गरे। यिनले शहर बढाउने इच्छा गरी त्यस शहरका उत्तर र दक्षिणतिर घरहरू बनाई शहर बढाए। अघि विशालनगर बिग्रेपछि अन्यत्र ठाउँठाउँमा साना साना ग्राम बनाई बसेकालाई र उज्जयिनी देशबाट झिकाएका मानिसहरूलाई समेत खूब बुद्धिमान् पण्डितहरूसंग संमत गरी उनीहरूले बताएका शास्त्रोक्त मार्गले नगरको प्रतिष्ठा गरी बसाए। त्यहाँ बसेका प्रजाहरूलाई असल तरहले युक्तिपूर्वक यथोचित उपदेश गरी यी राजाले आनन्दपूर्वक राज्यभोग गरिरहेका थिए। केही कालपछि यी राजा बलिदेवलाई कुनै रुद्रदेव नामक क्षत्रिय राजा आई युद्धमा जितेर यस नेपालमण्डलको राजा भई राज्य गरे।

यी रुद्रदेवले वर्ष२७ राज्य गरे । यिनले कुम्भीतटपर्यन्त जिती निष्कण्टक राज्य गरे । आखिर यिनका कुनै सन्तान नहुँदा यिनी अघिका राजाका सन्तानमा कुनै जयदेव भन्नेलाई राज्य दिए ।

यी जयदेवले वर्ष ४२ भोग गरे । यिनले पनि ललित-पत्तन र पूर्णवती शहरको समेत राज्यभोग गरी शहर खूब गुल्जार पार्दै प्रजाहरूलाई राम्रा तरहले प्रतिपालना गरे ।

यी जयदेवका कान्छा भाइ आनन्द मल्लले दाजुले दुइ शहरको भोग गरेका हुँदा नेपालका पूर्वभागमा गई त्यहाँ अन्नपूर्णादेवीलाई काशीदेखि आह्वान गरेर खूब भक्ति-भावनासंग त्याहाँ स्थापना गरे । त्यस जग्गामा अघि ग्राम मात्र हुनाले यिनले सुसाइत पारी भैरवनाथको मन्दिरलाई शहरको माझमा पर्ने किसिमले बाह्र हजार घर तयार गरी त्यस शहरको भक्तपुर नाम राखेर बस्ती बसाई राज्य गरे । यिनले दाजुको बराबर बस्ती पुऱ्याउँछु भनी त्यसका पूर्व भागका जंगलभित्र विराजमान भएकी चण्डेश्वरीदेवीको भक्तिभावनापूर्वक आराधना गरे । उनका प्रसादले ग्रामहरू बनाउनू भन्ने आज्ञा पाई बनेपुर (बनेपा), पनौती, नाला, धूलीखेल, खण्डपुर (खड्पु), चौकोट र सांगा नामक ७ गाउँ बनाएर बस्ती बसाई धर्म र नीतिअनुसार यिनले प्रजा-हरूको पुत्रवत् पालना गरे । नेपालमा प्रयाग भनी शास्त्रमा प्रसिद्ध भएको तीर्थका समीपमा पनौती, नालाभगवतीका समीपमा नाला, कुनै नारायणका मन्दिरका समीपमा धूली-खेल, धनेश्वरका समीपमा खड्पु, चकोर ऋषिका समीपमा चौकोट, चण्डेश्वरीदेवीका समीपमा बनेपा र नासिका पीठका समीपमा सांगा नामक देशहरूको वृद्धि गरे । आफू भक्तपुरमा सर्वलक्षणले संयुक्त सुन्दर दरबार बनाई त्यसै दरबारमा विराजमान भए ।

जयदेवका पुत्र बालार्जुनदेवले वर्ष २१ भोग गरे । यिनले राम्रा तरहले प्रजाहरूको प्रतिपालना गरी शासन गर्दा आफ्ना भाइ, छोरा, छोरी र रानीसमेतका नामले श्रीमत्स्येन्द्रनाथ लोकेश्वर भट्टारकलाई महासामग्रीले विधि-पूर्वक पूजा गरी नवरत्नहरू जडिएको आफ्नो शिरको मुकुट-समेत चढाई स्तुति र क्षमापन गरे ।

यिनका पुत्र जेठा मानदेव र कान्छा विक्रमदेव थिए । जेठा मानदेवले ललितपत्तनको राज्य गरे । कान्छा विक्रम-देवले पूर्णवती शहरको राज्य गरे । मानदेवको राज्यभोग वर्ष ३६ । विक्रमदेवको राज्यभोग वर्ष ८।९ । यी दुइ दाजु-भाइले आफू परस्पर मिली देवदेवताहरूको भक्तिभावनापूर्वक आराधना गरी राज्य गरे ।

यी विक्रमदेवका पुत्र नरेन्द्रदेवले वर्ष १ राज्यभोग गरे । यी राजा भई चाँडै परलोक हुँदा यिनका भाइ गुणकामदेव राजा भए ।

यी गुणकामदेवले वर्ष ५१ राज्यभोग गरे । यिनका पालामा पंचनदेश्वरमा बाग्मती र विष्णुमतीको संगम भई मलसागर भएको थियो । यिनले श्रीमन्मानेश्वरीदेवीका प्रसादले पंचकुमारी मैतीदेवी भनी प्रख्यात गरे । मंगलदेशमा नयाँ टोल बनाई मूल स्थानमा पुष्पको काम गर्नालाई माली नाम गरी गठ जातलाई प्रख्यात गरे । परन्तु यिनीहरू अघि-देखिका गठजात होइनन् । यिनले फूलको काममा लगाएका हुनाले मात्र गठजात भएका हुन् ।

अघि यिनका पुर्खा मानदेवले भक्तिभावनापूर्वक सेवा गर्दा देवीले प्रसन्न भई वृन्दावनबाट तेज:पुंज दिई पठाउँदा नेपालमा ल्याएर मूलछे भनी मूल आगममा स्थापना गरे । शिवशक्ति संयुक्त गरी यस संसारमा प्रतिपालना गर्नालाई धर्मको प्रबन्ध पुऱ्याई मूलछे भन्ने नाम गरेको आगमलाई प्रख्यात गरेका थिए । यिनका पालामा पनि बौद्ध र शिव-शक्ति दुबै मतका प्रमाणले रहस्यमूर्ति गरी प्रतिष्ठा गरे । यो उटुटोल आगम भनी आजतक प्रख्यात भइरहेको छ । फेरि यिनले अघि नभएको मूलछे आगमलाई रहस्यभावले स्थापना गर्न पाउँदा दशमीका दिन निमन्त्रणा कर्म गराएर आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापनापूर्वक जमरा राखी दशमीका दिन खड्गयात्रा गर्ने गरे । प्रतिवर्ष वर्षा-कालमा अनावृष्टि भई दुर्भिक्ष नहोओस् भन्ने मनमा लिई यस संसारमा वृष्टिका कारणले मनकोबाहाल बनाए । त्यहाँ पाताल जाने मार्गसमेत बनाई लगनखेलमा वर्षेश्वर महादेवको स्थापना गरे । शंखमूलपर्यन्त चारै दिशामा ईंटढुंगाले असल बाटो बनाई नागदह नाउँ गरेको तीर्थसमेत बनाए । चैत्यको प्रतिमा राखी मनकोबाहाल भनी नाम राखे । अनावृष्टि भएका बखतमा साधकहरूले विधिपूर्वक

कार्यसाधन गर्नालाई त्यस ठाउँमा जान पाउँछन् भन्ने त्यहाँ रहेका गुणीजनहरूलाई आज्ञा गरिराखे। यो कार्य सिद्ध गर्नालाई मणिगणेश भनी स्थापना गरेर त्रिशक्ति गुप्त नाम गरेको आगम पनि स्थापना गरी प्रतिष्ठा गरे।

एक वर्ष खेती गर्ने जग्गा वृषवर्गकर्म गरेर चोक बनाई राजस्थान बनाए। भण्डारका निमित्त ठूलो कोतगृह बनाए। निर्मल जल भएको पोखरी पनि बनाए। सुखपूर्वक महैश्वर्य ल्याउनालाई पाठपूजाहरूसमेत विधिपूर्वक पुऱ्याई देवताहरूले वास गर्नालाई त्यो चोक आशयजग्गा भयो भनी राखे।

यिनले महालक्ष्मीको व्रत लिई सेवा गर्दा महालक्ष्मीले प्रसन्न भई वरदान दिइन्—"राजन्, ने मुनिले तपस्या गरेको वाग्मती र विष्णुमतीको संगम कान्तेश्वर विराजमान भएको पवित्र स्थानमा इन्द्रादि देवताहरूले गुप्तरूपधारणद्वारा आई नित्य लोकेश्वरको दर्शन र अनेक पुराणसमेत सुनी जान्थे। यसकारण त्यो स्थल अतिपवित्र छ। त्यस ठाउँमा देवीका खड्गको आकार भएको कान्तिपुर नामक शहर बनाऊ। त्यस शहरमा नित्य लाखौं रुपियांको कारोबार र चल्ती हुनेछ। त्यस्तो चल्ती भएसंम म पनि त्यसै शहरमा नित्य वास गर्नेछु।" यस्तो सपनामा आज्ञा पाए। यस आज्ञाबाट खुशी भई राजाले देवीको आज्ञानुसार जग्गा ठहराई अठार हजार घर भएको शहर तयार गरे। शहरको रक्षा गर्नालाई करवीर श्मशान आदि गरेका पीठहरू यथाक्रमले बनाई बसाए। पूर्वतिरबाट बनेपाको चण्डेश्वरीलाई ल्याई शहरका मध्यभागमा स्थापना गरे। नीलपीठकी भद्रकाली ल्याई लुमडी नाम गरी स्थापना गरे। शहरको पश्चिमभाग विष्णुमतीका तीरमा रक्तकाली र कंकेश्वरीलाई जगाई स्थापना गरे। नवदुर्गा, गणेश, क्षेत्रपाल, र पंचलिंग भैरवहरूलाई पनि मन्त्रका बलले जगाई स्थापना गरे। शहरका उत्तरपट्टि इन्द्राणीपुरमा, लुटीपीठ, आगमचोकपीठ र मनमयजुपीठलाई बेग्लाबेग्लै स्थापना गरे। मखनटोलकी ब्राह्मणपुत्री उड्दै गएर आकाशवाणीबाट आज्ञा गरी तारायोगिनीमा मिल्न गएकी विश्वेश्वरी (विजयेश्वरी)लाई जगाई स्थापना गरे। लोकेश्वरको रथयात्रा बनाई प्रतिवर्ष यात्रा गर्ने गरे। शहरको बाहिरपट्टि उत्तरभागमा ठबहील भन्ने ग्राम बसाए। यस्ता रीतले कान्तिपुर नामक शहरका ठाउँठाउँमा सातसय देवताहरू बसी शहरवासी प्रजाहरूको रक्षा गरिरहेका छन्।

यसरी प्रजाहरूले सुखपूर्वक वास गरिरहेको त्यस कान्तिपुर शहरमा व्यापार गर्न भनी पाँचसय व्यापारी बनिया आएका थिए। कुनै राक्षसीका फेला पर्दा त्यस राक्षसीले चारसय उनान्सय बनियालाई खाइदिई। बाँकी रहेका एक बनियां मात्र नेपाल उत्रे। उनी पछि कंशचन्द्र नामक गरुड भए। यी राजाउपर ईश्वरीको अनुग्रह भएको हुनाले यिनले चारै दिशामा लड्दै राजाहरूलाई जिती धेरै धन दौलत ल्याएर श्री पशुपतिनाथलाई सुवर्णको युग्म जलधारा बनाई सुवर्ण मिश्रित जलले एक पक्षसंम अभिषेक गर्दै अखण्डपूजाकर्म चलाए। श्री पशुपतिनाथ र वासुकिको अघिको छाना बिग्रेको हुनाले तामाको पातामा सुवर्णले मिश्रित भएको छाना बनाई चढाए। यति कार्य गर्दा पनि देशविदेशबाट ल्याएको धन धेरै बांकी रहँदा इन्द्राचलपर्वतभित्र कोठा बनाई त्यहाँ बाउन्न करोड धन राखेर वासुकिलाई भण्डारी गरी जिम्मा दिए। फेरि यिनैले अशोकवृक्षका मनि अशोकविनायक स्थापना गरे। त्यसैका समीपमा मरुहिटी धारा बनाई प्रतिष्ठा गरे।

एक दिन "राजन्, तिमीले यस नेपालमा कंकेश्वरीदेवीका समीपमा प्रजाहरू जंमा गरेर दुइतर्फी भई पन्ध्र दिनसंम रोजरोज परस्पर ढुंगाले हान्ने खेल खेलाउनाले तिम्रा प्रजाहरूमा परचक्रको भय रहन्न। यसबाट म पनि खुशी हुनेछु।" यस्तो स्कन्दबाट स्वप्नामा आज्ञा भएको हुनाले त्यो आज्ञा स्वीकार गरी सिठी (कुमारषष्ठी का दिनदेखि पन्ध्र दिनसंम यी राजाले बालकहरू जम्मा गरी कंकेश्वरीका स्थानमा प्रतिवर्ष प्रहारकर्मको खेल खेलाए। यिनले लाखेनाच पनि नचाए। हिलेयात्रा, कृष्णयात्रा, इन्द्रयात्रा, कुमारीयात्रा आदि यात्राहरू पनि पाटनका लोकेश्वरको यात्रा जस्तै गरी प्रतिवर्ष गर्ने गरे।

यिनले आदिनाथ मत्स्येन्द्रनाथका गुरु हुन् भनी चित्रकारकर्म गरेर कलिगताब्द ३८३४मा आदिनाथको रथयात्रा चलाए। कलिगताब्द ३८३७ मा यिनले कोटिहोम यज्ञ गरे।

गुणकामदेवका पोषपछि कान्तिपुर शहरमा यिनका

छोरा भोजदेवले वर्ष ** राज्य गरे । यिनले राज्य गर्दा आफ्ना पिताले स्थापना गरी मानेका शहरका रक्षाकारी देवी, भैरव आदि देवताहरू मानी बखतबखतमा ती देवताहरूको वर्षबन्धन र यात्राहरूसमेत गरे । यिनले राम्रा तरहले प्रजाहरूको पालना गरी राज्य गरे ।

यसपछि यिनका पुत्र लक्ष्मीकामदेवले वर्ष २० भोग गरे । यिनले राज्यशासन गर्दा आफ्ना बाजेले माने जस्तै विशेषरूपले कुमारीको भावना गरी पूजामान्यता गर्दथे । त्यसकै प्रभावले चारैतिरका सीमावर्ती राजाहरूसंग लडाईंमा जिती धेरै द्रव्य ल्याएर अनेक धर्मकीर्तिमा खर्च गरी आनन्दपूर्वक निष्कण्टक राज्य गरे । यी राजाले ललितपट्टनको आधा राज्य त्यहाँका राजासंग जबरदस्ती लिएर त्यसमा आफ्ना छोरा विजयकामदेवलाई राजा गराई राखे । अनि पाटन शहरमा पनि कुमारी स्थापना गर्नुपर्छ भनी पाटनका दरबारमा गएर त्यस दरबारनिर अघि लक्ष्मीवर्मले संस्कार गरी पं विहारमा बस्ने वनजुका पुत्रीलाई कौमारीदेवीको भावना गरेर कौमारी स्थापना गरी प्रतिदिन पूजा गर्ने रीत चलाए ।

यिनका शेषपछि यिनका छोरा जयकामदेवले कान्तिपुरको समेत राज्य गरे । यिनले वर्ष २२ दुबै शहरको भोग गरे । यिनले देवपत्तन शहरको पनि राज्य गरे । यिनले बाजेका पालाको धर्मकीर्तिको रक्षाका निमित्त र अनेक नाग चोर आदि दुष्टहरूको भय निवारणका निमित्तसमेत वासुकि नागलाई शास्त्रोक्त रीतले उपासना गरी शास्त्रको मर्यादाअनुसार बाजाको शब्दबाट "तत्वमसि" भन्ने बोली बोलाउन लगाएर ती बाजाहरू पनि देवताहरूलाई अर्पण गरे । त्यसपछि यी पुरीहरूमा चोर आदिको भय निवृत्ति भयो । त्यस किसिमको पूजा चल्नाले त्यहाँका प्रजाहरूले निःशंकसंग बसी आफ्ना कर्मअनुसारको वृत्ति चलाउन लागे । त्यसकारण यिनका पालामा प्रतिदिन बिहान र बेलुका देवदेवताको पूजा गर्ने अवस्थामा बजाएका बाजाहरूबाट "त्वमेव प्रत्यक्षीसि" भन्ने आवाज प्रतिदिम हुन लाग्यो । दुनियांका दिलको प्रवृत्ति पनि हरबखत देवदेवताहरूमा लाग्नाले प्रतिदिन भक्तिभावना बढ्दै गयो । राजाले यसरी धर्ममार्गमा प्रवृत्त भई दुनियांहरूको प्रतिपालना गर्दथे । तैपनि प्रारब्धका वशले आखिर अवस्थासंम पनि पुत्रजन्म नभएको हुनाले नवकोट पर्वतनिवासी भास्कर नाम गरेका वैश्यठकुरीलाई धर्मपुत्र गरी नेपालको राजा बनाएर आफू परमधाम भए ।

भास्करदेवले वर्ष ३ भोग गरे । अघि पिंगलविहारमा ठूलो उपद्रव हुँदा त्यहाँ रहेका बाँडाहरू यताउता लागिरहेका थिए । सो पिंगलविहार भत्की पाताल हुँदा त्यहाँ स्थापित देवताहरू पनि ईंटमाटाले पुरिई अदृश्य भइरहेका थिए । यिनका पालामा खेतमा जाने किसानहरूले ती देवताहरू देख्दा घरमा आई आफूमा कुरा गरे । देवपत्तन चाबहीलनिवासी भिक्षुक बाँडाहरूले त्यो खबर सुनी त्यस पिंगलविहारवाला भिक्षुहरूका सन्तान डाखाचोकमा बस्ने मामा पर्ने हुनाले उनीहरूकहाँ गई त्योकुरा बताए । ती बाँडाहरूले त्यस ठाउँमा गई हेर्दा माटाले पुरिइरहेका देवताहरूलाई देखे । अनि ती देवताहरूलाई विधिपूर्वक पूजा गरी आफू बसेको ठाउँ ललितपत्तनमा लिई आउँदा मंगलभट्टदेखि एक धनुप्रमाण टाढासंम ल्याइसकेपछि लगनखेल भन्ने ठाउँमा महालक्ष्मीदेवीले चीलको रूप धारण गरी उड्दाउड्दै एकदम पूजाहारीका हातमा रहेको बाजु च्याती लगिन् । ती पूजाहारीले पनि उल्टिखेरि मन्त्रप्रयोग गरी त्यस चीललाई भूइँमा खसाले । ती महालक्ष्मीदेवी पनि त्यहीं बाटोमा सिद्ध भई बसिन् । पूजाहारीले देवीलाई आफू बसेका डाखाचोक भन्ने जग्गामा विराजमान गराई पूजामान्यता गरी राखे ।

त्यसपछि ती देवीले मलाई यस ठाउँमा बस्ने मन छैन भनी आज्ञा गरिन् । यो खबर राजाले सुनी उनलाई बस्नाका निमित्त न्हु विहार नामक नयाँ विहार बनाइदिंदा पनि त्यहाँ बस्न मन गरिनन् र आफैं राजाले कस्ता जग्गामा बस्नुहुन्छ भनी सोधे । 'मलाई तिमीहरूले स्थिरतासंग राख्ने मन छ भने मूसाले बिरालालाई लघारेको जुन ठाउँमा देखौला उसै जग्गामा मलाई स्थापना गर ।' देवीले यस्ती आज्ञा गरिन् ।

एक दिन सुवर्णका मूसाले बिरालालाई लघारेको राजाले देखे र त्यही जग्गामा हेमवर्ण नामक एक विहार बनाए । त्यहाँ अघि पिंगलविहारमा जुन जुन देवता स्थापित थिए ती सबै देवताहरू ल्याई आगमसमेत बनाएर प्रतिष्ठा गरी स्थापना गरे । त्यहाँ प्रतिदिन पूजा गर्ने अनेक गुठीसमेत राखे । त्यस मार्गको च्वाखाटोल र हटखाटोलमा बस्ने बाँडाहरूलाई ती देवताको समीपमा बसाए ।

यिनका पुत्र बलदेवले वर्ष १२ राज्य गरे । यिनले राज्य गर्दा यिनका मुलुकमा बखतबखतमा सुवृष्टि भई सुभिक्ष भयो । कहिल्यै पनि दुर्भिक्ष भई दुनियांहरूले दु:ख पाएनन् । यिनैले हरिहरपुर बनाई बस्ती बसाले ।

यिनका पुत्र प्रद्युम्नदेवले वर्ष ५ राज्य गरे ।

यिनका पुत्र नागार्जुनदेवले वर्ष ३ राज्य गरे ।

यिनका पुत्र शंकरदेवले वर्ष ११ राज्य गरे । यिनको राज्यकालमा अघि गौडदेशबाट काफिला नामक नगरमा बसेर त्यहाँबाट नेपाल आएका ब्राह्मण आचार्यहरूले उतैबाट ल्याएका अग्निकुण्डमा यज्ञकर्म गरी झुल भन्ने ठाउँमा बसोबास गरेका थिए । त्यस यज्ञकुण्डमा यज्ञ गर्ने आचार्य प्रथम विवाहिता स्त्री र पुरुष शिवशक्तिस्वरूप भएका चाहन्थे । शिवशक्ति संयुक्त नभएका आचार्यले त्यस यज्ञकुण्डमा हुवनक्रिया गर्न हुँदैनथ्यो । यस्तो मर्यादा छँदाछँदै पनि यिनैका सन्तानमा कुनै ब्राह्मणले आफ्नी विवाहिता ब्राह्मणी नहुँदा यशोधरा नामकी विधवा ब्राह्मणीलाई पत्नी तुल्याई उनैका सम्बन्धले सपत्नीक भएर त्यस यज्ञकुण्डमा यज्ञकर्म चलाए । त्यसबाट उब्जेका अनाचारका प्रभावले त्यस यज्ञकुण्डबाट अग्नि बढी त्यो झुल गाउँ सबै जलाइदियो । यज्ञकर्म गर्ने ती आचार्य पनि त्यहीं अग्निकाण्डमा परी जले । अनि यी राजा शंकरदेवले त्यस गाउँमा शंकरेश्वर स्थापना गरी देवालय पनि बनाए। त्यहीं भगवतीको मन्दिर बनाई उनको प्रतिष्ठा गरे । कलिगताब्द ३९०१ मा कान्तिपुर र ललितपुर दुबै शहरका आचार्यहरूका संमतिले ती यज्ञकुण्डका आचार्यहरू डाकी विधिपूर्वक अघिको दस्तुरसंग काम चलाउने गरी पाटनमा यज्ञकुण्ड र कान्तिपुरमा कुलदेवीलगायत नानादेवताहरूको स्थापना गरे । त्यसै बखतमा अबउप्रान्त राजा प्रजा कसैले पनि देवीहरूका मन्दिरको गजूरभन्दा उच्चा गरी घर नबनाउनू भन्ने नियम बांधे ।

त्यसपछि झुलगाउँमा अग्निप्रवेश हुँदा लोकहरू यताउता लागेपछि त्यस हतपतका समयमा ती यशोधरा नामकी विधवा ब्राह्मणीले बौद्धचैत्य १, विक्रम संवत् १४५ मा लेखेको प्रज्ञापारमिताको सुवर्णाक्षरी पुस्तक १, आगमदेवता यशोधर नामको आफ्नो काखको बालक १ समेत काखी च्यापी पाटन गावाहाल टोलमा आइपुगिन् । त्यहाँ अघि विद्याधर वर्माले आफू वन्द्य (मान्य) हुनालाई बनाई प्रतिष्ठा गरिराखेको हाल जीर्ण भएको विहारलाई सजी जीर्णोद्धार गरिन् । त्यसभित्र झुलगाउँबाट ल्याएको सानो चैत्य राखी चैत्यविम्बको संस्कार गरेर त्यहीं आफ्नो पुत्र यशोधरलाई चूडाकर्म गरी वन्द्य गराइन् । त्यो काम गर्दा अग्निहोत्रमा बस्ने आफ्ना देवरहरूले हेर्न आए भने लाज होला भन्ने भयले चूडाकर्मको यज्ञादि सबै कर्म आगमदेवताका ठाउँमा गरिन् । अघि त्यस विहारको नाउँ विद्याधरवर्मसंस्कारित महाविहार भन्ने थियो, यसपछि त्यसको नाउँ यशोधर महाविहार भनी प्रख्यात भयो ।

अघि विशालनगर छँदै त्यसका मध्यभागमा श्री शंकराचार्य स्वामीले बौद्धमतको खण्डनद्वारा शिवमार्ग प्रचार गरी दिग्विजय गरेथे । त्यस वेला मारिएका बांडाका सन्तानहरू सहसू मिली सातसय ब्राह्मणहरूलाई मारे । सातसय ब्राह्मणी आ–आफ्ना पतिका साथ सती गए । उनीहरूले सती जाँदा बांडाहरूलाई आफ्ना सतीत्वका सरापद्वारा उत्तिखेरै भस्म गराए । यति हुँदा पनि शान्ति नहुँदा सतीहरू लागी त्यस बाटोबाट कसैलाई पनि हिंडडुल गर्न दिएनन् । यी राजाले त्यो उपद्रव शान्त होओस् भन्नाका निमित्त ठूल्ठूला पण्डितहरूबाट निर्णय गराई शास्त्रोक्त रीतले नन्दी नामक ब्राह्मणका हातबाट कलिगताब्द३९०२मा आह्वान गरी शिवलिंग स्थापना गराए। ती शिवलिंगलाई ब्रह्मपिशाचशान्तिका निम्ति स्थापना गरेका हुनाले शान्तेश्वर र नन्दीले आह्वान गरी स्थापना गरेका हुनाले नन्दिकेश्वर पनि भन्दछन् । ती नन्दी ब्राह्मण पनि विशालनगरमा सिद्ध भई मोपत्तादेव नाउँले प्रसिद्ध भए। यिनलाई कोही भाटभटेनी पनि भन्दछन्।

यी राजाले नवसागर (नंसाल) भगवतीको प्रेतचतुर्दशीका दिन विधिपूर्वक कर्म गरी रथयात्रा गराए । यिनै भगवतीको अघिको मूर्ति अतिउग्र हुनाले भूतगणहरूका डरले त्यो बाटो कसैले पनि हिंडडुल गर्न नहुने हुँदा जमीन खनी खाडल बनाएर त्यस खाडलमा देवीलाई राखी माथिबाट ढुंगाले छोपिदिए । यो मूर्ति विश्वकर्माले बनाएको हो । पछि फेरि अर्को मूर्ति बनाई पूजा गर्ने गरे । यसपछि त्यस ठाउँमा हिंडडुल गर्न हुने भयो । यसरी सातसय ब्राह्मण मरेपछि बांकी रहेका सबै ब्राह्मणहरू देवपत्तन शहरमा गई

फणिकेश्वरका सन्निधानमा नौ चोक भएको ठूलो घर बनाई एकै ठाउँमा बसे ।

यसपछि अंशुवर्माका सन्तान वामदेव नामक शुद्ध क्षत्रीले त्यस ठाउँका भारदारहरू हात लिई यी शंकरदेवलाई धपाई आफूले राज्य गरे । यी वामदेवले वर्ष ३ भोग गरे ।

यिनका शेषपछि यिनका छोरा हर्षदेवले वर्ष १५।२ भोग गरे ।

यी हर्षदेवलाई शंकरदेवका पुत्र सदाशिवदेवले जिती वर्ष २७ राज्यभोग गरे । यी राजा कामरूप भैरवका अवतार हुन् । यिनले कान्तिपुर र ललितपुर दुबै शहरका समीप प्रान्तीय पर्वतभाग नैऋत्य दिशामा कलिगताब्द ३९४२ मा एक देश बनाए । अघि यस ठाउँमा रहेकी गाईले श्रीपशुपतिनाथलाई नित्य आफ्नो दूध चढाउँदा त्यसैका अनुमानले त्यस जंगामा के रहेछ भनी खन्दा श्रीपशुपतिनाथ ज्योतिर्लिंग प्रकट भएकाले यस जंगाको कीर्ति ठूलो छ भनी जान्ने पण्डितहरूका संमतले कीर्तिपुर भन्ने नाउँ राखे ।

कुनै दिन त्यस ठाउँमा भेडाबाखा चराउने गोठालाहरूले खेलबहाड गर्दा एक व्याघ्रको मृत्तिकामूर्ति बनाए । जिब्रो बनाउनलाई त्यहाँ उपयोगी वस्तु पाएनन् । अनि सबै गोठालाका सल्लाहले ती व्याघ्रमूर्तिलाई तिमी हाम्रा भेडाबाखा हेरिदेऊ, हामी सबै वनमा गई तिम्रो जिब्रो बनाउनालाई रूखका पात खोजी ल्याउँछौं भनी पात लिन गोठालाहरू वनतिर गए । यसै बीच त्यस मूर्तिमा भैरवले प्रवेश गर्दा बाघभैरव प्रादुर्भाव भए र ती भेडाबाखाका बथान सबै पक्री खाइदिए । पछि गोठाला केटाकेटीहरूले रूखका पात लिई आउँदा आफ्ना भेडाबाखा देखेनन् र त्यसै व्याघ्रसित सोधीखोजी गरे । हांसी हांसी व्याघ्रमूर्तिले मुख बाई देखाउँदा भेडाबाखाका रगतले मुख सबै रंगिइसकेको देखे । अनि बालकहरू खूब रिसाई हाम्रा भेडाबाखा तिमीले खायौ भने अब तिम्रो मुख सदा बाइइरहोस्, जिब्रो राख्दैनौं भनी सराप दिई आ–आफ्ना घरतिर फर्के । त्यस दिनदेखि तिनको बाघभैरव भन्ने नाम रह्यो । ती बालकहरू पनि सिद्ध भए । अद्यापि ती बाघभैरव मुख बाएका र जिब्रो नभएका छँदैछन् ।

आफ्ना बाबुका पालामा शत्रुले हात पारी राज गरेको राज्यसमेत यिनले शत्रुलाई जितेर आफ्नो गरी बनाएको कीर्तिपुर शहरमा प्रजाहरूको राम्रो बस्ती बसाए । यिनले पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाका राजाहरू जिती उनीहरूले नजराना दिएको र आफैंले ग्रहण गरी ल्याएको समेत धेरै धन खर्च गरेर श्रीपशुपतिनाथको जीर्ण देवालय सबै नयाँ सामग्रीले कलिगताब्द ३९५१ मा सुनको छाना र तीन तला गरी देवालय तयार गरे । यिनले लोहताम्रले मिश्रित धातुको सिंह छाप भएको सुकी बनाई नगदीको चलन चलाए । त्यसकारण यी राजालाई सिंहदेव पनि भन्दछन् । यिनले आफ्ना राज्यभित्रका ठाउँठाउँमा कूपधाराहरू बनाई ती ठाउँमा असल पत्थरहरूले हिटी चत्वरहरूसमेत बनाए । जग्गाजग्गामा राम्रा बाटाहरू बनाई ती बाटामा असल जातका पुष्पलता र वृक्षहरूसमेत रोपी खूब शोभायमान गराए । आफ्ना राजधानीका समीपमा रहेका नदीहरूका दुबै तीरमा असल पत्थरहरूले खूब दृढ गरी सिंढी बनाए । यताउता चल्ने नदीको मार्गरोधनसाथ बन्धन गरी तीरप्रदेशमा स्नानादि क्रिया गर्ने घाटहरूसमेत बहुत राम्रो गरी बनाए ।

यिनका आफ्ना पट्टरानीमा आफ्नो राज्यप्राप्ति नहुँदै बाबुका राज्यकालमा हर्ष संवत् १९९ विक्रम संवत् ८६२ वैशाख पूर्णिमा बृहस्पति वार ध्रुव योग विशाखा नक्षत्र मध्याह्न बेलामा राजकुमार महेन्द्रदेवको जन्म भएको थियो । यिनका शेषपछि महेन्द्रदेवले वर्ष १२ राज्य गरे । यिनले बाबुले जिती बांकी रहेका मुलुकहरू जिती त्यहाँबाट ल्याएका धनले गरीब र ब्राह्मणहरूलाई दान गर्नाका साथै ठूल्ठूला दानहरू पनि गरे । यिनले शिवका माउँको चिह्न भएको सुवर्णको मोहर बनाई व्यवहार गरे । सुनको खम्बा र सिंहको आकार भएको ढोका बनाई शिखरदेवका मन्दिरको वरिपरि राम्रा तरहले सजाएर सिरानीहरूसमेत बनाई जीर्णोद्धार गरे । शिखरदेवका पूर्वपट्टि धर्मार्थ ठूलो पोखरी खनी असल पत्थरहरूले सिंढी बनाएर त्यसको महेन्द्रसरोवर भन्ने नाम राखे । हर्ष संवत् २४९ विक्रम संवत् ९१२ वैशाख पूर्णिमामा आफ्नै जन्मोत्सवका दिन राम्रा तरहले प्रतिष्ठासमेत गरे । ब्राह्मणहरूलाई महादानहरू दिई भोजन गराए । आफ्ना ढोकामा आएका याचकहरूलाई प्रतिदिन मनोरथ पुऱ्याई पठाउँथे । धर्मको चर्चा गर्दै र पण्डित समाजमा

बुद्धिको चर्चा गर्दैमा यिनको काल व्यतीत हुन्थ्यो ।

यिनका शेषपछि यिनका पुत्र मानदेवले वर्ष ४ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र नृसिंहदेवले वर्ष ६।२ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र आनन्ददेवले विक्रम संवत् ९३० माघ कृष्ण प्रतिपदा सोम वारका दिन भक्तपुर शहरको समेत राज्य पाई वर्ष २० संम राज्य गरे । यिनले राज्य गर्दा भक्तपुर शहरमा तामाका छाना बनाई देवालय तयार गरेर त्यहाँ दुइ देवताको स्थापना गरी प्रतिष्ठासमेत गरे । राजधानीवरिपरि ताम्रमय श्रृङ्खलाको खूब बलियो बार बनाई कोही पनि भित्र जान नसक्ने किसिमसंग मार्गरोधन गरेर बढिया तरहले ढाकी त्यस राजधानीको पनि प्रतिष्ठा गरे । राजमन्दिरका समीपमा अतिसुन्दर सुवर्णप्रणाली (सुनको धारा) पनि बनाई प्रतिष्ठा गरे । नेपालमण्डलनिवासी महापात्र, भलामानिसलगायत गरीब, अनाथ, छोटा, बडा समस्त प्रजाहरूका पुत्रपौत्रादि व्यवहारको सरलताका निमित्त आफ्ना हकका घर, बारी, खेत, गहना आदि चलअचल वस्तुको खरीदबिक्री गर्ने रीत चलाइदिए । चलअचल धन नभई पुत्रपौत्रादिको विवाह आदि कार्य नचल्ने हुनाले अब आफ्नो घरखेत बेचबन्धक गरी संपूर्ण कार्य चलाउन पाउने भए । आफ्ना प्रजाको मनको सन्तापाग्निलाई यस कार्यबाट समन गराई आनन्द दिएर राम्रा तरहले प्रजाहरूको पालना गरे । गाउँगाउँमा लूटपीट आदि उपद्रव गरी दुनियांलाई दुःख दिने शत्रुवर्गलाई पक्री र विनाश गरी अब फेरि दुनियांलाई यस्तो दुःख नहोओस् भन्नाका निमित्त ठूला महात्मा ब्राह्मणहरूबाट शास्त्रोक्तरीतले शान्तिकर्म गराई यस नेपालमण्डललाई कुनै उपद्रवले पनि पिर्न नसक्ने गरी निर्मल गराए ।

उता ललितपत्तन शहरतर्फ मानदेवका पुत्र राघवदेव राजा भई राज्य गरे । यिनले पनि आफ्ना राज्यमा नीति र शास्त्रानुसार प्रजाहरूको पालना गर्दथे । यिनका पालामा भक्तपुरमा आनन्ददेवले राज्य गरेका बखत भक्तपुरनिवासी कुनै ज्योतिषीले शास्त्रको विचार गरे । त्यसबाट बालुवाको सुवर्ण हुने मुहूर्त र सुवर्ण हुने बालुवा भएको जग्गासमेत यही हो भन्ने निर्णय गरे । अनि राजाका हजुरमा गई, "महाराज, आजका दिनमा कान्तिपुर लघुतीर्थको बालुवा सुवर्ण हुने योग परेको छ" भनी सबै विस्तार विन्ति गरे । राजाले पनि ज्योतिषीको संमत लिई त्यो बालुवा ल्याउनालाई आफ्ना मानिस बोलाएर "तिमीहरूले अहिले गई विष्णुमती र भद्रमतीको संगम लघुतीर्थको बालुवा उठाई बोकेर सरासर यहाँ ल्याऊ" भनी अह्राए । तर यस साइतमा उठाई ल्याउनू भन्ने कुरा केही खोलेनन् । राजाका मानिसहरू पनि सोबमोजिम लघुतीर्थबाट बालुवा उठाई खर्पनमा हालेर बोकी भक्तपुरतिर लागे ।

कान्तिपुर शहरमा शंख नामक साहवा भन्ने एक ज्यापू थिए । उनले ती भरियाबाट बालुवा लिन आएको कुरा सुनेपछि यसमा अवश्य केही कारण छ, नत्र यहाँदेखि भक्तपुरसंम बालुवा बोकी लानुपर्दैनथ्यो । कुनै उपायले आफ्ना घरमा पुऱ्याउनुपऱ्यो भन्ने विचार गरी उनले बालुवा बोक्ने मानिसहरूसंग नम्रतापूर्वक कुरा गर्दै आफ्ना घरमा पुऱ्याए । मीठा कुरा गर्दै संमानपूर्वक उनीहरूलाई खानेकुरा खुवाइसकेपछि "मलाई पनि बालुवा चाहिएको थियो, बोकी ल्याउने मानिस पाइएको छैन, तिमीहरूले दया राखी त्यो बालुवा मेरा घरमा खन्याई लघुतीर्थबाट फेरि बालुवा उठाएर लगे ठूलो गुन मान्ने थिएँ । साथै ज्याला पनि चाहिए जति दिने थिएँ ।" भनी प्रशस्त ज्याला दिंदा भरियाहरूले त्यो ज्याला लिएर खुशी हुँदै अरू कुरा केही विचार नगरी त्यो बालुवा शंख नामक ज्यापूका घरमा खन्याइदिए । तर यो कुरा अरू कसैले थाहा पाएनन् । भरियाहरूले दोस्रो पटक उठाई लगेको बालुवा भक्तपुरमा पुऱ्याउँदा सुवर्णसिद्धिको योग टरिसकेको हुनाले सुन भएन, बालुवानै रह्यो । यता शंखका घरमा खन्याएको बालुवा सुवर्णसिद्धि हुने साइतमा उठाएको हुनाले असल सुन भयो । भक्तपुर पुगेको बालुवा राजाले हेर्दा बालुवाको बालुवै देखे । अनि दिग्दार भई ज्योतिषीका घरमा गएर तिम्रो ज्योतिष पनि झुट्टा रहेछ भनी ज्योतिषीसंग रिसाउँदै दरबार फर्के । शास्त्रमा कहेको कुरा त सांचो हुनुपर्छ, यसमा के कारण पऱ्यो भनी फेरि बालुवा थुप्याएको ठाउँमा गई राजाले हेर्दा बालुवा ल्याएका खर्पनका कुनाकुनामा टांसिएको बालुवा जति सबै सुन भई टल्किरहेको देखे । राजा हतपत गर्दै

ज्योतिषीका घरतिर लागे । उता यस शास्त्रले मलाई धोका दियो भनी सुवर्णसिद्धि आदि विषयका सबै पुस्तकहरू जम्मा गरी ज्योतिषी जलाउँदै थिए । राजाले के जलायौ भनी सोध्दा ज्योतिषीले मलाई झुट्टा गराउने शास्त्र जति जलाएँ भनी विन्ति गरे । अनि राजाले राम, राम भनी आगामा जल्न लागेका सबै पुस्तकहरू आफैंले झिकी गाईका दूधमा राख्दै ज्योतिषीलाई संम्झाए । ज्योतिषीजी,शास्त्र झूटो होइन, हामीले काम गर्दा बुद्धि नपुऱ्याउनाले यस्तो भएको हो भनी ज्योतिषीको हात पक्री र बालुवा थुप्र्याएको ठाउँमा लगी खर्पनभित्र सुन टल्केको देखाए ।

त्यसपछि खर्पन घोप्टो पारी टकटक्याउँदा झरेका सुनका बालुवा बटुलेर हातमा राखी हेर्दा असल सुन ठह-रियो । अनि भरियाहरूलाई बोलाई सबै भारदारका अगाडि राजाले भने 'भारवाहक, तिमीहरूले खर्पनमा राखी पहिले ल्याएको बालुवा कहाँ हाल्यौं, जस्ताको तस्तो भन, झूट्टा कुरा गऱ्यौ भने तिमीहरूको जीउधन हरण हुनेछ ।" यसरी कडासंग सोध्दा ती भरियाहरूले जस्ताको तस्तो विन्ति गरे "महाराज, सरकारबाट हुकुम भएबमोजिम लघुतीर्थबाट साइतमा बालुवा बोकी ल्याउँदा बाटामा कान्तिपुरनिवासी शंख नामक शूद्रले देखे । उनले हामीलाई प्रशस्त ज्याला-खाजा दिई बालुवा मेरा घरमा खन्याएर अर्को बालुवा लैजाऊ भन्दा सोबमोजिम शंखका छिंडीमा सबै बालुवा खन्याई फेरि अर्को बालुवा उठाएर ल्याएका हौं ।"तिनीहरूको कुरा सुन्दा ठूलो आश्चर्यमा परी त्यहाँ बसेका पण्डित, ज्योतिषी र भारदारहरूले विन्ति गरे "महाराज, यस संसारमा भाग्य जस्तो ठूलो केही छैन । कर्ता र कर्म भनेको पनि भाग्य नै हो ।

**भाग्यं फलति सर्वत्र न विद्या न च पौरुषम् ।**
**समुद्रमथने जाते हरिर्लक्ष्मीं हरो विषम् ।**

अघि देवता र दानवहरू मिली समुद्रमथन गर्दा समुद्र-बाट धेरै पदार्थ निस्के । तिनमा सबैले आफ्आफ्नो भाग आफाफूले स्वीकार गरे । अनि लक्ष्मी प्रकट भइन्, उनलाई विष्णुले सकारे । त्यसपछि कालकूट विष प्रकट भई त्रिभु-वनलाई नै बाधा गऱ्यो र महादेवले खाइदिंदा उनलाई पनि कष्ट दियो । छाडिदिंदा संसार भस्म हुने हुनाले महादेवले घांटीमा अड्याए । तैपनि बाधा पर्दा वज्रयोगिनीका आग्ने-यकोणवर्ती महादेवपोखरी भन्ने जंगलमा केही दिन बिताए । त्यस्तो ठण्डा जलमा रहँदा पनि विषले पोल्न छाडेन र त्यहाँबाट उत्तरतिर गई त्रिशूलले पातालको जल झिकेर गोसाईंस्थानमा बसेथे ।

महाराज, कर्म भनेको यस्तै छ– असल असल पदार्थ आउँदा विष्णु आदि देवताहरूले लिए, तर कालकूट विष आउँदा महादेवले सकार गर्नुपऱ्यो । यस्तै यहाँ पनि ज्योतिषीले शास्त्रअनुसार ठहराएको सुवर्ण हुने साइत पारी हजुरले कार्य गर्नुभयो । भाग्यमा नहुँदा हजुरलाई वृथा परिश्रम मात्र भयो । उता भाग्यमा भएकोले शंख शूद्रले विनामिहिनेतले घर बसी बसी सुवर्ण पाए । यसमा हजुरले सन्तोष लिनुपर्छ । यसरी भारदारहरूले संम्झाए । राजाले पनि भाग्य जस्तो ठूलो वस्तु केही रहेनछ भनी सन्तोष गरे ।

उता कान्तिपुरमा शंखले त्यस घटनाका चार दिनपछि बालुवा थुप्र्याएको ठाउँमा गई हेर्दा बालुवा सबै अग्नि जस्तो धपधप गरी बल्ने अतिसुन्दर सुवर्ण भएको देखी मनमा बहुतै खुशी भए । केही दिनपछि शंख बहुतै ज्ञानी धर्मात्मा हुनाले मनमा विचार गरे– भक्तपुरनिवासीहरूले शास्त्रानुसार ठहराएका सुवर्णसिद्धिको साइतमा लिन पठा-एको धन मेरा भाग्यले गर्दा भरियाहरूलाई ललाई फकाई युक्तिपूर्वक घरमा हुलेर आफ्नो गराएँ । अब त्यो धन त्यसै राखिछाड्नु मनासिब पर्दैन । जुनसुकै साधारण मानिसले गर्न नसक्ने धर्मकार्यमा लगाउँछु । जुन कार्यमा त्यो धन खर्च गर्नाले यस लोकमा ठूलो यश र परलोकमा ठूलो पुण्य प्राप्त होओस् । यस्तो मनमा विचार गरी त्यस ठाउँमा भएका पण्डित ज्योतिषीहरूका संमतले नेपालनिवासी सबै दुनियाँहरूको ऋण तिरी अऋणी गराएर संवत् फिराउनाको निश्चय गरी राजाबाट पनि स्वीकृति लिए । अनि नेपाल-निवासी सबै छोटाबडा प्रजाहरूको ऋण सबै तिरेर कत्ति बाँकी नराखी कलिगताब्द ३९८१ र शालिवाहनीय शाके ८०२ लाई नेपाली संवत् १ कायम गरे । यसरी संवत् फिराई राजाद्वारा त्यही संवत्को व्यवहारमा चलन चलाएर ठूलो यश प्रख्यात गरे । ती शंखले श्री पशुपतिनाथका दक्षिणढोकाका सन्मुखमा आफ्नो शिलामूर्ति बनाई स्थापना गरे । श्री पशुपतिनाथको रोज भक्तिभावना बढाई सेवा

गरेका हुनाले आखिर अवस्थामा पनि श्री पशुपतिनाथका समीप वाग्मती नदीका किनारामा देहत्याग गरे ।

कान्तिपुरका राजा आनन्ददेवले देवपत्तन शहरका सुमन्द नामक बुद्धाचार्यलाई अह्राई भुवनेश्वरीदेवीको मन्दिरमा अघि नभएको वाह्य र आभ्यन्तर आगमनिगम तीनपत्र कोठा गरी बनाए । त्यहाँ अधिकार भएकाले मात्र जानू, अधिकार नभएकाले नजानू भन्ने नियम गरे । यसरी उनले वर्ष २० संम राज्य गरी परमधाम भए ।

शंख वा साखवाले संवत् फिराउँदा प्रजाहरूको ऋण तिरी फट्टा गरेका कागजको तौल गर्दा तौलमा चढेको ढुंगो भक्तपुर जाने बाटो वाग्मती नदीपारि हुलाकी बस्ने सत्तलदेखि ३०×३२ हातजति पूर्वतिरको जमीनमा रहेको अद्यापि छँदैछ ।

यिनका शेषपछि यिनका छोरा रुद्रदेवले कान्तिपुरमा वर्ष ८।१ राज्य गरे । यिनले राज्य गर्दा आफू ठूला ज्ञानी हुनाले प्रजाहरूलाई सुविस्ता दिई प्रतिपालना गरेका थिए । यिनले राजधानीमा पंचपुर भन्ने ठूलो राजमन्दिर बनाई दक्षिणतर्फको खण्ड सबै अङ्गपूर्वक तयार गरेर त्यहाँ रमणीय चोकसमेत बनाई त्यसका समीपमा एक राम्रो सुवर्णप्रणाली (सुनको धारा) पनि बनाए । अनि यी सबैको एकै पटक प्रतिष्ठाकर्म गराई ब्राह्मणभोजन गराए । उत्तरतर्फको खण्ड तयार नहुँदै यिनलाई तत्वज्ञान जान्ने इच्छा हुँदा आफ्ना छोरा मित्रदेवलाई राज्याभिषेक दिए । आफूले दीक्षा ग्रहण गरी आचार्यहरूबाट तत्वज्ञानको उपदेश पाउँदा सिद्ध भए ।

यिनका छोरा मित्रदेवले बाबुको राज्य सह्याली वर्ष २२ राज्य गरे । यिनले बाबुका पालामा तयार हुन बाँकी रहेको पंचपुर राजमन्दिरको उत्तरखण्ड र चोकहरूसमेत पूरा गरेर प्रतिष्ठा गरी पंचपुर राजमन्दिर परिपूर्ण गराए ।

यिनका छोरा अरिदेवले वर्ष २५।१० राज्य गरे । यिनले शासन गर्दा मल्लविद्या जान्ने मानिसहरू जम्मा गरी मल्लविद्याको रमिता हेर्दथे र आफू पनि मल्लविद्या सिक्दथे । यिनलाई मल्लविद्यामा ठूलो सोख थियो । यिनले मल्लविद्या सिकिरहेका बखतमा छोराको जन्म भएको हुनाले उनको नाउँ अभय मल्ल भन्ने राखे । त्यसपछि उनले मल्ल भन्ने पदवी चलाई सन्ततिहरूमा पनि प्रचार गराए ।

यी अभय मल्लले वर्ष ४२।६ राज्य गरे ।

यिनका शेषपछि यिनका छोरा जय मल्लले वर्ष ४२ राज्य गरे ।

यिनका भाइ अनन्त मल्लले यिनका शेषपछि ३५।११ राज्य गरे । यिनका पालामा दक्षिण कर्णाटक देशमा जन्म भई सिमांगढमा राजा भएका नान्यदेवले धेरै फौज लिई आफ्ना इष्टदेवता ढिमाजुका साथमा नेपालमा प्रवेश गरे । भक्तपुरका राजालाई लडाईमा जिती तेह्रौतमा धपाए । अनि आफू राजा भई बसे । यी राजाका साथमा दक्षिण नायर देशका बासिन्दा नेवारजात, त्यसै ठाउँका ब्राह्मणबाट क्षत्रिणीमा जन्मेका ब्रह्मपुत्रक्षत्री जात (आचार), श्रेष्ठ, ज्यापू आदि गरेका धेरै जातका मानिस आएका हुनाले तिनीहरूलाई पनि यहीं वास गराए । मल्ल राजाहरू मिथिलादेशमा गई बसे । यी राजा नान्यदेवले राजधानी भक्तपुरमा बसी तीनै शहरको गरी वर्ष ५० राज्य गरे । उनले आफ्ना राज्यमा दक्षिण कर्णाटकतर्फ चलेको शालिवाहन शाके संवत्को व्यवहार नेपालदेशमा पनि प्रचार गराए ।

यिनका शेषपछि यिनका पुत्र गांगदेवले वर्ष ४१ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र नृसिंहदेवले वर्ष ३१ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र शक्तिदेवले वर्ष ३९ राज्य गरे ।

यिनका शेषपछि यिनका पुत्र रामसिंहले वर्ष ४८ राज्य गरे ।

यिनले राज्य गर्दा यिनका जेठा छोरा हरिदेवले कान्तिपुरमा बसी त्यहाँके शासन गरेका थिए । यिनैका समयमा

भास्कर मल्ल ठकुरीका छोरा केशचन्द्रले बाबु परलोक भएपछि केही दिन ठमेलमा दिदीका घरमा बसे। त्यहाँ जूवाको लतले जम्मै हारेपछि दिदीले भात पस्की खान दिएको थाल पनि थापी हारे। अनि दिदीले भूईंमा भात पस्की हेला गर्दा त्यसै विरहले गोसाइंस्थानमा गई नीलकण्ठको तपस्या गरे। नीलकण्ठले "यहाँबाट जाऊ र श्री पशुपतिनाथको दर्शन गरी श्री कीर्तिमुखभैरवको दर्शन गरे, तिम्रो दुःख छुट्नेछ।" यस्तो वर दिंदा फर्के। अनि श्री पशुपतिनाथको र कीर्तिमुखभैरवको दर्शन गरे। त्यहाँ चढाइराखेको ढुंडो परेको नैवेद्य लिई घर फर्के। अघि दिदीले दिंदा नखाई राखेको भात पनि ढुंडो परी मर्चा भइरहेको रहेछ र सबै जम्मा गरेर अरू मर्चा पनि सपिट गरी मर्चा बेच्न हिंडे। बाटामा ठूलो पानी परी मर्चा भिज्दा ढुङ्गामा सुकाई त्यसै ढुङ्गाका वडारमा सुते।

त्यसै वेला कीर्तिमुखभैरवका अनुग्रहले परेवाहरूले मर्चा खाएर सुन हगी जांदा केशचन्द्रले उठी सुन देख्दा खुशी भएर बटुल्न लागे। अकस्मात् त्यस ठाउँमा गुरुमापा नामक राक्षस आई केशचन्द्रलाई खान खोज्यो। अनि केशचन्द्रले आउनुहोस् मूलमामा भनी राक्षसलाई साहिनु लगाए। कहांको मूलमामा, कहांको भानिज। तँलाई नखाई छोड्दिन भनी राक्षसले भन्यो। तपाई मेरी आमाको सहोदर भाइ हुनुहुन्छ, त्यसैले मूलमामा भनेको हुँ भनी राक्षसलाई बुझाए। राक्षसले बल्ल भानिज भनी सकार्‍यो। अनि दुबैले सुन बोकी केशचन्द्रका घरमा राखे। अब यस शहरमा मरे जति तिम्रो आहारा भयो भनी गुरुमापालाई आहारा ठेकी आफ्नै घरमा राखे।

त्यसपछि केशचन्द्रले राजा हरिदेवकी कन्या मागी विवाह गरे। तर गुरुमापाले दुनियाँका बालकहरू खाइदिंदा दुनियाँहरूले साह्रै पुकारा गरे। केशचन्द्रले गुरुमापालाई बुझाई ३६० रोपनी खेत किनी बंझ्याएर त्यसै ठाउँमा मात्र तिमीले बस्नू। एक भारी चामल र एक भिगुट मासु प्रतिवर्ष तिमीलाई बलि दिउँला भनी गुरुमापालाई आफ्ना घरबाट लगी त्यस खेतमा राखे। त्यस जग्गाको नाउँ टुंडिखेल भयो। त्यसै ठाउँमा पारावत महाविहार बनाएर बौद्धको मूर्ति स्थापना गरी त्यस राक्षसलाई बलि दिने गूठी पनि राखे। फागुन वदि १४ को रातमा टुंडिखेलमा एक भारी भात र एक भिगुट मासुको बलि दिई बुद्धको पूजासमेत गरी गूठी चलाउने व्यवस्था भयो।

केही दिनपछि राजा हरिदेवलाई पाटनका लश्करहरूले मात्र छोड्दा मन्त्रीका सल्लाहले उनले पाटनका लश्करसित लडाई गरे। पाटनका लश्करहरूले पनि लड्दै आई कान्तिपुरका लश्करलाई लघार्दै ल्याउँदा कान्तिपुरका मन्त्री सिपाहीहरू लड्न नसकी भाग्दै ठबहीलसम्म पुगे।

तिनै ताका यी राजाले एक मगरलाई खर्च दिइराखेका थिए। पछि मन्त्रीहरूले खेल गरी राजालाई चुक्ली लगाउँदा ती मगरले थाहा पाई रिसाएर आफ्ना घर पाल्पामा गए। उनले उहाँका राजा मुकुन्द सेनसंग नेपालमा सुनका छाना र सुनका धारा छन् भनी विन्ति गरे। राजा मुकुन्द सेन पनि नेपाल हेर्न जान्छु भनी सवालाख फौजका साथ मुलुकहरू जित्दै नेपाल उत्रे। उनले राजा हरिदेवलाई जितेर तिरहुततर्फ धपाई आफूले नेपालको राज्य गरे।

राजा मुकुन्द सेनले नेपालमा वर्ष ११ राज्य गरे। यिनसंग आएको खसमगर जातको फौज अतिनिर्दयी हुनाले दुनियाँलाई बेनीतिसंग दुःख दिन्थे। डरले गर्दा दुनियाँहरूले मूला उखेली खाल्डामा हाले, सिन्की बन्यो। धान नकोरी थुप्र्याए, हकुवा बन्यो। उनीहरूले ठाउँठाउँका देवताहरूलाई तोडे। मत्स्येन्द्रनाथको यात्रामा निकाल्ने भैरवको मूर्ति पनि उखेली आफ्नो देशमा पठाए। त्यो मूर्ति अद्यापि पाल्पामा छँदैछ। मुकुन्द सेनले नेपालको राजपाठको केही बन्दोबस्त गरेनन्। यिनका साथमा दया धर्म केही नभएका खसमगर जात मात्र हुनाले उनीहरूले दुनियाँलाई बेहकमा दुःख मात्र दिन्थे। यसरी देवस्थलको नाशसमेत गर्दा श्री पशुपतिनाथले रिसाई दक्षिण अघोरमूर्तिदेखि विकट दन्त निकाले। अनि उनका फौजमा महामारी रोग प्रवेश गराई खसमगरको फौज नाश गरे। त्यसपछि राजा मुकुन्द सेन सन्यासीको रूपमा पूर्वदिशातर्फ तीर्थयात्रा गर्दै उडीसादेशमा पुगी जगन्नाथको दर्शन गरेर अरू तीर्थ गर्दै गण्डकी नदीका तीरमा देवघाट भन्ने ठाउँमा सिद्ध भए।

यिनले नेपालमा प्रवेश गर्दा मत्स्येन्द्रनाथले लगनखेलमा स्नान गर्ने दिन थियो। यो खबर सुनी यात्रा हेर्न सबै भागी

आफ्ना घरमा गई लुके । त्यहाँ कोही पनि रहेनन् । खालि मत्स्येन्द्रनाथका सुनका चंदुवामा झुंड्याइराखेका पाँच नागका मुखबाट पानीको धारा निस्की मत्स्येन्द्रनाथका शिरमा परेको देखिन्थ्यो । राजा मुकुन्द सेनले फौजलाई शहरमा घेरा दिन पठाई आफू दर्शन गर्न गए । मत्स्येन्द्र-नाथका शिरमा नागका मुखबाट निस्केका जलको अविच्छिन्न धारा परेको देखे । आश्चर्यपूर्वक यी प्रत्यक्ष देवता हुन् भन्ने ठानी आफ्ना घोडाका गलाको सिक्री टाढैबाट चढाए । मत्स्येन्द्रनाथले पनि शिर झुकाई स्वीकार गरे । त्यो सिक्री अद्यापि छँदैछ ।

यी राजा तीर्थ गएपछि नेपालमा राजा नहुँदा खसमगर मात्र छन्, राजा छैनन् भन्ने थाहा पाई नवकोटका वैश्य-ठकुरीहरूले नेपालका प्रजाहरू हात लिई तीनै शहरको राज्य गरे । कान्तिपुरमा बाह्र ठकुरीले टोलटोलमा एकएक राजा भई राज्य गरे । पाटन शहरका टोलटोलमा पनि यिनै वैश्यठकुरीहरू राजा भए । भक्तपुरमा पनि यिनै राजा भए ।

यिनै ताका दोलखाका कुनै ठकुरीकी छोरीले सानै अवस्थादेखि भीमेश्वरको सेवा गरेकी थिइन् । उनलाई कान्तिपुर क्वाठबाहालका वैश्यठकुरी राजकुमारसंग बाबुले विवाह गरिदिन आंटेको थाहा पाई भीमसेनको पुकारा गरिन् । "अब म नेपाल जान्छु, त्यहाँ हजुरको दर्शन कसरी पाउँला ?" भीमसेन प्रसन्न भई उनलाई नेपालैमा आई दर्शन दिने आज्ञा भएको थियो । तदनुसार कन्याको नेपाल-मा विवाह भएपछि भीमसेन पनि नेपालैमा आई तिनको विवाह भएको वैश्यठकुरीका घरमा सेवकका रूपले बसे । उनको कामकाज गरी प्रतिदिन ठकुर्नीलाई दर्शन दिन्थे । केही कालपछि यी भीमसेन हुन् भन्ने थाहा पाई तुयूखा भन्ने ठकुरीले विक्रम संवत् १३८० मा एक देवालय बनाएर भीमसेनको रम्य चित्रमूर्ति तयार गरी त्यसमा भीमसेनलाई प्रवेश गराएर नित्यपूजा गर्ने गरे ।

यिनै ताका वि. संवत् १३८० मा कान्तिपुर शहरकी एक रंजितकार्नीसंग १५ कोस पुंडो मजिपात भन्ने जग्गामा बस्ने एक राक्षसले मनुष्यको रूप धारण गरी राती आएर रतिक्रीडा गरी सबेरै आफू बस्ने ठाउँमा फर्कन्थ्यो । धेरै कालसंम त्यस रंजितकार्नीलाई राक्षसले स्वास्नी तुल्याइराखेको कसैलाई थाहा थिएन । पछि त्यस शहरका राजा वैश्यठकुरीहरूले त्यो खबर सुने । कुनै युक्तिले त्यस राक्षससंग बातचित गरी बुझाएर त्यस राक्षसको प्रतिवर्ष यात्रा गर्ने गरे । त्यसलाई लाखे पनि भन्दछन् । यात्रा गर्दा मुकुण्डो बनाई राक्षसलाई आह्वान गर्ने रीत चल्यो । त्यस राक्षसको घर बनाएको टोलको नाम मजिपातटोल राखे । त्यसकारण त्यस राक्षसलाई मजिपातलाखे पनि भन्दछन् । त्यसको यात्रा वर्षपीछे इन्द्रयात्रा हुँदा निकालिन्छ । त्यस वेलादेखि त्यस राक्षसले गुप्तरूप भई प्रतिवर्ष प्रजाहरूले गरेका यात्रामा प्रवेश गरिरहेको छ । अद्यापि इन्द्रयात्रामा मजिपात राक्षसको यात्रा भन्ने प्रसिद्ध छँदैछ ।

यी ठकुरी राजाहरूले तीनै शहरमा धेरै बौद्धमन्दिरहरू बनाई धेरै गूठी राखे । यिनै ठकुरीहरूमा पाटन शहर क्वाठबाहालका ठकुरीका वंशमा मार्ग पूर्णिमाका दिन दश-पारमिता भन्ने बौद्धदेवताको आह्वानद्वारा आफ्ना घरमा सत्कार गरी पायसको भोजन गराएर बिदा दिने गूठी राखी प्रतिवर्ष त्यो कार्य गर्दथे । दशपारमिता बौद्धदेवताहरू पनि आह्वान हुनासाथ आकाशबाट आई पूजा सत्कार स्वीकार गरेर पायस भोजन गरी बिदा हुन्थे । एक साल त्यसै ठकुरीको ससुरा भक्तपुरे ठकुरीले गूठी हेर्छु भनी आएर विष हालेको खाने पदार्थ ल्याई खान दिए । बौद्धहरूले पनि थाहा पाई विषप्रमोचनी विद्याले मन्त्री भोजन गरे । यसबाट ती बौद्धहरूलाई केही भएन । त्यो विषको प्रयोग ती पाप गर्ने ठकुरीमाथि लागी मरणान्त बेरामी भए । केही गरे पनि रोग नछुट्दा तिनै बौद्धहरूको चरण प्रक्षालन गरेको जल खांदा आराम भयो । त्यसपछि अब हामी प्रत्यक्ष आउँदैनौ, तिमीहरूमध्ये स्थविरचाहिँमा हाम्रो भावना गरी कार्य गर्नू भनी दशपारमिता देवताहरू अन्तर्धान भए । अनि ज्येष्ठक्रमले स्थविरलाई दशपारमिता भावना गरी पायसको भोजन गराउन लागे । अहिलेसंम पनि त्रु बाहाल ठकुरीका सन्तानले त्यो गूठी चलाउँदै आएका छन् । यसै गूठीमा कुनै थकाली कंगाल हुँदा ढुकुटीमा प्रतिदिन गोबरको गुइंठा राखी ताल्चा मार्ने गरेको थियो । एक दिन उसकी स्वास्नीले ताल्चा खोली हेर्दा देवताका प्रभावले सब गुइंठा सुन भएको देखी । अब यस धनले धर्म गर्नुपर्छ भनी बुद्ध

भगवान् प्रीति गरू भन्ने लोग्ने लोकनीय र नारायण प्रीति गरू भन्ने स्वास्नी भै कुरा नमिल्दा भीमसेनपाती र तुलसीको बीउ रोप्दा जुन अघि उम्रन्छ उसलाई प्रेम गर्ने निधो गरे। दैवसंयोग भीमसेनपातीको बीउ अघि उम्रदा शाक्यमुनि भगवान् बुद्धको प्रीति गरी भास्करदेवसंस्कारित महाविहारको जीर्णोद्धार गरी धेरै गुठी पनि राखे। जग्गाजग्गामा पाटी, धारा, मण्डप, देवल आदि धेरै बनाई धेरै बौद्धमन्दिर पनि स्थापना गरे।

यिनै राजाका पालामा कान्तिपुरमा घोडायात्रा र अरू टोलटोलमा स्थापित देवताहरूको निंति गुठी राखी प्रतिवर्ष यात्रा गर्ने रीति चलाए। यस्ता हिसावले नेपालमा खास राजा कुनै नभएको अवसरमा विक्रम संवत् "मा नवकोटनिवासी ठकुरीहरूले नेपालमा प्रवेश गरी टोलटोलमा राजा कहलाई तीनै शहरको राज्य गरेका हुन्। यी राजाहरूमध्ये एकै कालमा धेरै जनाले राज्य गरेका हुनाले यिनीहरूको नाउँ लेखिएन। यिनीहरूले नेपालमा राज्य गरेको २२५ वर्ष बितेपछि राजा रत्न मल्लले मन्त्रीसंग मिली १२ ठकुरी राजाहरूलाई मारेर आफूले राज्य गरे। त्यसपछि यी ठकुरीहरूको राज्यको उछित्तो भयो। यो कुरा पछि रत्न मल्लका राज्यसमयमा लेखिनेछ।

यसरी नेपालमा राज्य गर्ने ठकुरीहरूमध्ये भक्तपुरमा राज्य गर्ने जयभीम भन्ने राजाका समयमा सिमाँगढका राजा हरिसिंहदेवले तुलजा भवानीलाई भक्तपुरमा प्रवेश गराई त्यस शहरको राज्य गरे। अब यी हरिसिंहदेवको वृत्तान्त कहनालाई पहिले तुलजाभवानीलाई सिमांगढमा ल्याएर स्थापना गरी राज्य गर्ने यिनका पुर्खा राजा नान्यदेवको वृत्तान्त कहिन्छ।

परापूर्वकालमा रामचन्द्रका सन्तान सूर्यवंशी राजाहरूसंग मुसलमानले लडी राजधानी अयोध्या शहर सर गरे। हारेका सूर्यवंशी राजाहरूले आफ्ना कुल, कुटुम्ब,परिवारहरू साथमा लिई दक्षिण चन्द्रभागा नदीका किनार नेयार देश अन्तर्गत नेवारजातले वास गरेको कोंकण देशमा बसे। कोही त्यसैका नजीकै पर्ने कर्णाटक देशमा बसी गुजरान गरेका थिए। यी सूर्यवंशीहरू र यस्तै आपद् परी आएका चन्द्रवंशी चुहान भन्ने वैश्यठकुरीजातले पनि त्यसै देशमा रोजगार गरी बिताएका थिए। त्यही सूर्यवंशमा नान्यदेव नामक रजपूत जन्मे। नान्यदेवले २० वर्षको उमेरमा आफ्ना बाबु, आमा, सुवासिनी, परिवारसमेत साथमा लिई डिल्लीमा आएर बादशाहको चाकरी गरी बसे। दैववश त्यसै स्थलमा बाबु, आमा, स्वास्नीलगायत सबै परलोक भए। यही दुःखले विरक्त भई त्यहाँबाट फिरन्ताको रूपमा अयोध्या पुगे। सरयू नदीका किनारमा फकीरी चालले परमेश्वरको भजन गरी बसे।

एक दिन राती सुतेका बखतमा कुनै अतिसुन्दरी स्त्री आई "म तिम्रा पुर्खाकी इष्टदेवी हुँ। यस बखत सरयूका जलभित्र छु। मलाई झिकी पूजा गर। जुन ठाउँमा भ्रमरहरू एकट्ठा भई जललाई छोपिरहेका देखौला त्यसै ठाउँका मनि जलमा तामाका पेटाराभित्र म बसेकी छु।" यसरी तुलजा भवानीबाट आज्ञा भएको करुणावाणी पाउँदा नान्यदेव तुरुन्त सरयूका किनारमा पुगे। भ्रमरहरूले ऐक्य भई जल ढाकिएको ठाउँ पहिल्याई जलमा डुबुल्की मारे। त्यहाँ सुनको डब्बाभित्र तुलजा भवानीको यन्त्र र बाहिर पूजापद्धतिको पुस्तकसमेत तामाका पेटाराभित्र हालिराखेको पाए। त्यस डब्बाका माथिल्लापट्टि यस्तो लेखिएको थियो:—

**रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरूरवाः।**
**अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति॥**

अघि देवराज इन्द्रले महादेवको तपस्या गरी खुशी गराउँदा महादेवले तुलजाको यन्त्र र पूजापद्धतिसमेत इन्द्रलाई दिएका थिए। इन्द्रले सोबमोजिम तुलजादेवीको सेवा गरेका थिए। पछि रावणका पुत्र मेघनादले इन्द्रलाई जितेर सबै हरिलिए। लंकामा लगी नरबलिसमेत दिएर श्रद्धापूर्वक तुलजाको पूजा गरी माने। पछि रामचन्द्रले रावणलाई जित्दा तुलजा भवानीलाई अयोध्यामा ल्याई यथोक्त विधानले मानिराखेका थिए। रामचन्द्रले आफू स्वर्गारोहण हुने बखतमा यत्नपूर्वक सरयूनदीका जलभित्र राखी गएका थिए। अनि केही काल तुलजाभवानी जलभित्रै रहिन्। पछि राजा नलका समयमा उनले जलबाट झिकी यथोक्त विधानले पूजाआजा गरे। आफ्ना आखिरी अवस्थामा नलले पनि रामचन्द्रले झैं जलैमा राखी परलोक भए। त्यसपछि पुरूरवाका राज्यकालमा उनले पनि यस्तै चालले

जलबाट झिकी पूजामान्यता गरेर आखिर उसै ठाउँमा जलमा राखी परलोक भए । अनि अलर्क राजाका समयमा पनि उनले जलबाट झिकी आफू ब्रह्मज्ञानी हुनाले तुलजा भवानीको निष्कामनाले भक्तिभावनापूर्वक पूजा गरेका थिए । तर बलिदानरहित पूजाका प्रभावले तुलजाभवानी उस्तो खुशी भइनन् । अलर्कले त्यस्तो आसय बुझी अघिका राजाले राखेबमोजिम माथि लेखिएको श्लोकसमेत लेखी तुलजाभवानीलाई मन्त्र, यन्त्र र पूजापद्धतिसमेत पेटारामा हाली उसै ठाउँमा सरयूका जलमा राखेका थिए ।

कालान्तरमा यी नान्यदेवले स्वप्न पाउँदा जलबाट झिकी पुस्तकको पूजापद्धतिअनुसार भक्तिभावनापूर्वक तुलजाको पूजा गरेका थिए । केही दिनपछि "नान्यदेव, जनकपुरका निकटको ठूलो जंगलमा मलाई लगी उहीं मेरो पूजामान्यता गर । त्यहाँ अकस्मात् मेरो मन्दिर बन्नेछ र त्यसै जग्गाबाट तिम्रो भाग्योदय पनि हुनेछ ।" तुलजा भवानीबाट पाएको यस्तो आकाशवाणी शिरोपर गरी तुलजाभवानीलाई साथमा लिएर उसै बखत प्रस्थान गरी जनकपुरमा आए । त्यहाँ भयंकर जंगल थियो । जंगलमा मानिस जान हुँदैनथ्यो । कदाचित् गइहाले त्यस मानिसलाई कालसर्पले डसी मार्दथ्यो । यस्तो भयंकर जंगल भए पनि देवीलाई साथमा लिएका हुनाले उनैको भरोसा गरी आकाशवाणीका भरमा मानिस जान नहुने थाहा पाएर पनि उनी निर्धक्कसंग त्यस जंगलभित्र पसे । हिड्दाहिड्दैमा बीचबाटैमा रात पर्‍यो । त्यहाँ एक चटाई जस्तो चाक्लो ढुंगामा पुगी बास बसे । अनि ईश्वरीको स्मरणपूर्वक मधुर स्तुति गरी सुते । आधोरातका बखतमा ती राजाले सपना देखे— अघि अयोध्यामा स्वप्न हुँदा देखिएकी स्त्री देखापरी भन्न लागिन् । "यस पत्थरमनि एक खड्ग छ । त्यो खड्ग लिई जागा भई रहू । केही कालपछि मणिधर सर्प यहाँ आएर मणि जमीनमा राखी चर्न जानेछ । मणिका समीपमा गोबर होला । त्यस गोबरले मणिलाई छोपिदिनू । जब तिमीलाई डस्न त्यो सर्प आउला, त्यही खड्गले सर्पको शिर काटिदिनू । फेरि यस ढुंगाका तलतिर वरिपरि ६ र माझमा १ जम्मा ७ ईनार द्रव्यले परिपूर्ण पारी अघि कुनै महापुरुषले राखेका छन् । त्यो सब द्रव्य तिमीले झिकी भोग गर्न पाउनेछौ । त्यहाँ मेरो मन्दिर बनाई मलाई त्यहाँ राखेर पूजा गर । दक्षिण बाह्र मल्लार चन्द्रभागा नदीका किनारका देशबाट आफ्ना जातवर्गहरू र स्वदेशी नेवार आदि प्रजाहरू झिकाई शहर बनाएर तिनीहरूलाई बसाऊ । अनि धर्म र नीतिशास्त्रअनुसारले राज्य गर ।" यस्तो स्वप्न पाउँदा नान्यदेवले देवीका आज्ञानुसार खड्ग खोजी हातमा लिएर बसे । जब आधोरात भएथ्यो धनको रक्षक सर्प आयो र त्यसलाई मारी हेर्दा अघि अयोध्यामा सरयू नदीबाट झिकेका पेटारामा लेखिएको उही श्लोक सर्पका शिरमा सुनौला अक्षरले लेखिएको रहेछ:—

**रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरूरवाः ।**
**अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति ।**

यसबाट खूब खुशी भई नान्यदेवले त्यस ढुंगामनि खनी हेर्दा सातै इनार द्रव्यले परिपूर्ण भएका पाए । त्यो सबै धन लिई खुशीपूर्वक दक्षिण मल्लार देशबाट आफ्ना स्वजाति रजपूत र नेवार, ज्यापू आदि प्रजाहरूलाई झिकाई बसोबास गराए । अनि धेरै धन खर्च गरी शहर बनाउन शिलान्यास गरे ।

यी राजा नान्यदेवकी एउटी नोकर्नी अतिसुन्दरी थिई । त्यो सुतेका ठाउँमा रातका बीचमा एउटा मायावी नामक राक्षस आई त्यस नोकर्नीसंग यथेच्छ बाह्य र आभ्यन्तर क्रीडा गर्दो रहेछ । यो कुरा कसैलाई नभनेस्, नत्र मर्नेछस् भनी हप्काएर बिहान एक प्रहर बाँकी भएपछि उठी जाँदो रहेछ । यसरी राक्षसको र त्यस नोकर्नीको यो क्रियाकलाप धेरै दिनसम्म चल्यो । यस्तो क्रियाकलाप उसै त गुप्त हुन्थ्यो, त्यसमाथि राजदरबारको हुनाले दरबारका राजारानीलगायत कसैलाई पनि थाहा भएको थिएन ।

एक दिन त्यस नोकर्नीको राजदरबारको खोपी आदि ठाउँ बढार्ने पालो परेछ । बढार्नालाई असल कूचो नहुनाले एउटा असल कूचो उसले राक्षससंग मागिछ । राक्षसले पनि सुनको ल्याइदिएछ । त्यो कूचो सुनको भन्ने नोकर्नीले थाहा पाइनछ र आफ्ना पालामा त्यही कूचाले खोपी, चोटाकोठा सबै बढारिछ । बिहान राजा जागा भई हेर्दा ठाउँठाउँमा कूचाको सुनको तार खसेको देख्दा ताज्जुब भए । कहिल्यै नभएको यस्तो सुनको तार कसरी खस्यो भनी दरबारका तमाम मानिससंग सोध्दा पनि पत्ता लागेन । आखिर आज बिहान बढार्ने को थियो भनी त्यस केटीको

पत्तो लगाए । त्यस नोकर्नीसँग कारण सोध्दा "बिहान बढार्दा मैले देखिन, त्यो सुनको तार कहाँबाट आयो मलाई थाहा छैन" भनी नोकर्नीले बताई । आखिर तैंले बढारेको कूचो कहाँ छ ?" भनी राजाले सोध्दा नोकर्नीले सुनको कूचो ल्याई राजालाई नजर गराई ।" यो कूचो तैंले कहां बाट पाइस् ? कसले दियो ? जस्ताको तस्तो भन् भनी राजाले सोधे । लौ अब बित्यास पऱ्यो, मलाई अब के गर्दछन् भनी नोकर्नी बराबर काम्न लागी । उसका मुखबाट एक वाक्य पनि निस्केन । अहिले यसलाई मेरो डर लाग्यो भन्ने राजाले ठानी एकान्तमा लगेर "तैंले डराउनु पर्दैन, तेरो कसूर भए पनि केही गर्नेछैन, यसको कारण मात्र बताइदे" भनी राजाले नम्र वचनले सोधे । नोकर्नीले अधोमुख गरी बरबर आँसु खसाल्दै अब नभनी सुख पाइन, मेरो जीवन यत्तिके रहेछ भन्ने विचार गरी हात जोरेर गद्गद् वचनले विन्ति गरी 'महाराज, राती एउटा राक्षस आउँछ र मसंग भोग गरी बिहानिपख जाने गर्दछ । यो कूचो उसैले दिएको हो" भनी यथार्थ कुरा बताई । "त्यसलाई मेरा अगाडि लिएर आएस्" भनी राजाले नोकर्नीलाई बिदा दिए ।

त्यही रात स्त्रीले मुख मलिन गरेको देखी राक्षसले किन मुख मलिन गऱ्यौ भनी सोध्यो । स्त्रीले पनि सबै हाल बिस्तार गरी । राक्षसले पनि एक छिन् विचार गरी राजालाई भेट्न भनी स्त्रीका साथमा गयो । खोपीमा पुगेर १०८ दाना भएको हीराको माला नजराना टक्र्याएर हात जोरी खडा रह्यो । राजाले जन्म, बस्ती, कुल, वृत्ति सबै सोधे । राक्षसले पनि सबै कुरा यथार्थ बतायो । त्यसपछि राजाले ती दुबै स्त्रीपुरुषलाई बिदा दिए । त्यसबाट राजाको सन्देह त गयो, तर त्यस स्त्रीमा राजाको प्रेम बढ्दै गयो ।

एक दिन सुखभोगका अन्त्यमा त्यस स्त्रीले "हाम्रा राजाले अनेक सरजाम तयार गरी शहर बनाउन प्रारम्भ गरेको धेरै काल भयो, अझ तयार भएको छैन, कहिलेसम्म तयार होला भनी सोधी । "हामीले बनाउन पाए एक रातमा तयार गर्थ्यौं" भनी राक्षसले भन्यो । "उसो भए मानिसलाई धेरै दिन किन दुःख दिनु, तपाईं नै तयार गरिदिनुहोस्"भनी स्त्रीले ढिपी गरी । राक्षसले पनि "हुन्छ, भोलि राति म बनाउनेछु, तर त्यस रातमा सबैले सबेरै सुत्नू, कसैले पनि थाहा नपाऊन्, यस्तो बन्दोबस्त राजासंग मिलाऊ" भनी राक्षसले बतायो । त्यस स्त्रीले सबै कुरा राजासंग विन्ति गरी । राजाले पनि त्यही अनुसार "आज सबैले दिउसै खानपीन गरी सबेरै सुत्नू । मलमूत्र त्याग गर्नालाई पनि बाहिर नजानू, भित्रै गर्नू । आज राती यस ठाउँमा राक्षसका फौज आउँछन् । नसुत्नेलाई तिनीहरूले मारी खानेछन्" भन्ने उर्दी दिए । दुनियाँहरू पनि उर्दी-बमोजिम सबेरै सुते । रात परेपछि लंकाबाट राक्षसको फौज आई शहरको वरिपरि कोही पनि आउन नसक्ने खूब बलियो परखाल र जसतसले पस्न नसक्ने बलियो ढोका बनाए । दुष्टजनले हेर्न नसक्ने र बहुतै सल मिलेको बज्रसमानको किल्ला भएको शहर तयार भइसक्ने बखतमा बिहान हुन लाग्दा फटफट सिद्ध्याई राक्षसहरू आफ‌आफ्ना स्थानमा गए । भोलिपल्ट उठी हेर्दा सबैले अपूर्व शहर तयार भएको देखी बहुत आश्चर्य माने । नान्यदेवले त्यस शहरको नाउँ सीमांगढ राखे । आफ्ना प्रजाहरूलाई त्यसै शहरमा बसाई तुलजा भवानीको नित्य सेवा र धर्म र नीतिपूर्वक प्रजाहरूको शासन गरेका थिए ।

यस्ता नान्यदेवका सन्तान भई जन्मेका हरिसिंहदेवले सीमांगढको राज्य गरिरहेका बखतमा डिल्लीका बादशाहले चढाई गर्न खोजे । त्यसै वेला सपनामा "अब यहाँ म्लेच्छ यवनहरूले आक्रमण गर्दछन् । मलाई चाँडो नेपाल लैजाऊ । त्यहाँ गम गरी राख । म यहाँ बस्दिन" भनी तुलजाभवानी-बाट आज्ञा हुँदा जाऊँ कि नजाऊँ भनी सन्देह गरी भोलिपल्ट पूजा गर्दा "चाँडो आजै प्रस्थान गर" भनी मन्त्रबाट शब्द प्रकाश भयो । त्यस्तो आज्ञा स्वीकार गरी शाके ...... मा सीमांगढबाट प्रस्थान गरी हरिसिंहदेव नेपाल आए । उनीका ब्राह्मण, आचार, नेवार, वैद्य, खड्गी, तेली, रंगकार यी सात जात र सुवार ज्यापूहरू साथमा थिए । हतपत परेको हुनाले देवी मात्र साथमा लिई बाटाका निति धनदौलत केही नलिएर मानिस मात्र आएका थिए । आउँदा बाटामा मधुवन भन्ने जंगलका पुछारमा पहिलो वास पऱ्यो । साथमा आएका मानिसहरूले खानपीन गर्ने र बलि दिने वस्तुसमेत नभई तकलीफ हुँदा अब के गरूँ भनी चिन्ता गर्दै राजा सुते । सपनामा तुलजा भवानीबाट भोलि सबेरै जुन वस्तु देख्दछौ त्यसलाई ल्याई बलि गर भन्ने आज्ञा भयो । बिहान सबेरै उठी हेर्दा खूब मोटो ठूलो अर्ना देखियो । त्यसलाई

फौजको घेराभित्र पारी सबैको कोलाहलद्वारा पाशामा पारेर पक्रे । अनि सबै मिलेर डोरीले बांकी घिसार्दै ल्याएर देवी, अब के गरौं भनी विन्ति गरे । "आज सबेरै सूर्य उदय हुने दिशातिर पीठ फर्काई जसले मलत्याग गर्छ उसैका हातबाट घात गराई मलाई रक्त चढाऊ र अर्पण भएको प्रसाद तिमीहरूले खाऊ" भनी देवीबाट आज्ञा भएको हुनाले त्यसअनुसारको मानिस खोज्दा जंगलमा कुनै मानिस भेटियो । त्यसलाई समातेर ल्याई त्यसैका हातबाट महिषको घात गराए । भवानीलाई रुधिर चढाई त्यही प्रसाद पकाएर खाने व्यवस्था गरे । तर पकाउने अरू मानिस त्यस वेला कोही नहुनाले सुवार ज्यापूलाई पकाउन लगाई देवीलाई भोग लगाई आफूहरूले पनि भोजन गरे । त्यस दिनदेखि देवदेवताको पूजाआजामा सुवारका हातको पाक चलाए । घरायसी भोजनमा भने चलाएनन् । यस्ता रीतले त्यो मांस फौजहरूलाई भोजन गराए । त्यस दिनदेखि तुलजा भवानी-लाई महिषबलि दिने र त्यसको मांस प्रसाद नेवार जातहरूले भोजन गर्ने गरे । त्यो बलि घात गर्ने मानिसलाई खड्गी जात भन्ने पनि गरे ।

यस्ता रीतले तुलजा भवानीलाई साथमा लिई हरि-सिंहदेवले नेपाल भक्तपुरमा प्रवेश गरे । त्यहाँका राजा जयभीम भन्ने ठकुरीले उनको आदरभाउ गरे । हरिसिंह-देवलाई जहाँ बस्नुहुन्छ बस्नुहोस्, देवीको मन्दिर पनि जहाँ बनाउनुहुन्छ बनाउनुहोस् संम भने । अनि हरिसिंहदेवले दक्षिणी अग्निहोत्री ब्राह्मण बसेको जग्गा पवित्र ठानी मन्दिर त्यही ठाउँमा बनाउने देवीको आज्ञा छ भनी बताए । राजा जयभीमले ती ब्राह्मणलाई डाकी "तिमी बसेको जग्गा देऊ, देवीको मन्दिर बनाउनुपर्‍यो । त्यसको सट्टा अर्को ठाउँमा लेऊ, द्रव्य पनि धेरै दिन्छु" भनी मागे । हरिसिंह-देवले पनि प्रशस्त धन दिउँला भनी प्रार्थना गरे । ब्राह्मणले त्यो जग्गा छाड्न नमानी राजाको आज्ञा लंघन गरे । रिसले जयभीमले त्यसै मिची ब्राह्मणका घरमा ईश्वरीलाई भित्र्याई हरिसिंहदेवलाई बसाए । ब्राह्मणले धिक्कार मानी त्यसै राती आफैले गलो सेरी आत्महत्या गरे ।

उता हरिसिंहदेवले एकातिर ब्रह्महत्या लाग्यो, अर्कोतिर ब्राह्मणको रक्त परेका ठाउँमा कसरी देवीको मन्दिर बनाउनु भनी अपशोच गर्दै सात दिनसंम देवीको एकचित्त भई आराधना गरे । देवीले खुशी भई "ती ब्राह्मण गणेश हुन् । तिनको शिर अघि नै काटिएको छ । त्यसमा तिमीलाई हत्याको दोष लाग्दैन । मेरो मन्दिर त्यसै ठाउँमा बनाऊ । मेरा ढोकामा ती ब्राह्मणको लास गाडी त्यसमाथि गणेशको मूर्ति स्थापना गर । पहिले गणेशको पूजा गरेर मात्र मेरो पूजा गर्नू ।" भनी आज्ञा भयो । राजाले पनि त्यसैमाफिक दरवारभित्र पारी देवीको मन्दिर बनाए । त्यहाँ पहिले गणेशको पूजा गरी मात्र देवीको पूजा गर्ने चलन चलाए । भक्तपुर दरवारमा तुलजा देवीका मन्दिरका ढोकामा स्थापित यिनै गणेश हुन् ।

यी तुलजाको दर्शन गर्ने इच्छाले भोटे आदि धेरै मानिस जम्मा भई थुम नाउँको थुंको बनाएर हेर्ने मनसुवा गरे । तैपनि भवानीको रूप अतिगुप्त हुनाले दर्शन गर्न नसक्दा फर्की आफ्ना घरतिर लागे । त्यो थुंको अद्यापि छँदैछ । त्यसपछि राजा जयभीमले दुनियाँको संमत लिई हरिसिंहदेवलाई आफ्नो राज्य सौंपी राज्याभिषेकसमेत दिए । हरिसिंहदेवले पनि तुलजादेवीको सेवा गर्दै नीति र धर्मअनु-सार प्रजाहरूको प्रतिपालना गरी वर्ष २८ संम राज्य गरे ।

यिनले ईश्वरीसंग प्रार्थना गरी मेरा सन्ततिमा कति पुस्तासंम राज्य रहला भनी विन्ति गरे । "तिम्रा सन्ततिमा २८ पुस्तासंम राज्य रहनेछ । त्यसपछि पश्चिमबाट कुनै क्षत्रिय राजा आई तिम्रा सन्ततिको राज्य जिती राज्य गर्नेछन् ।" ईश्वरीबाट यस्तो आज्ञा भयो । त्यस्तो आज्ञा वचन भक्तपुर दरवारमा लेखिएको अद्यापि छँदैछ । यी हरिसिंहदेवदेखि गन्ती गर्दा रणजित् मल्लसंम २८ पुस्ताको राज्यभोग भयो । २९ पुस्ताका राजकुमार तेजनृसिंह मल्ल-को जन्म भएपछि गोरखाधीशको प्रवेश भई यिनका सन्त-तिको राज्य उच्छिन्न भयो । यिनका पुर्खा नान्यदेवले द्विमाजुदेवीलाई इष्टदेवता मानेका हुनाले यिनले पनि ती देवीलाई मान्ने गरे । यिनका शेषपछि भएका राजाहरूले पनि यी देवीको नित्यपूजा गरी प्रतिवर्ष देवाली पनि गर्ने गरे । यसकारण तुलजा भवानीको बलि गर्दा महिषबलि गरेका हुनाले त्यसपछि नेपालनिवासी नेवारहरूले पनि देवीहरूलाई महिषबलि दिई सबैलाई प्रख्यात गरेर महिष-मांस भोजन गर्ने गरेका हुन् ।

कुनै दिन मिथिलाबाट शिवदत्त मैथिल ब्राह्मण आई

महिषमांस खानेले जनै धारण गरेको यस्तो भ्रष्टाचार देखेर सहन नसकी यी राजालाई संज्ञाई विन्ति गरे र उनको कुरा मनासिब ठानी जनैधारी नेवारहरूलाई डाकेर "कि जनै नलगाऊ कि महिषमांस नखाऊ" भनी आज्ञा गरे। नेवारहरूले जनै त्याग गरे, तर महिषमांस त्याग गरेनन्। यसकारण नेपालका नेवारहरू सबैजसो जातको जनै छैन। उनीहरू महिषमांस भोजन गर्दछन्। दक्षिण नेयारदेशनिवासी नेवार जातहरू उहाँ आजतक जनै धारण गरी स्वधर्ममा बसेका छँदैछन्। यी हरिसिंहदेवले २८ वर्ष राज्य गरी परलोक भए।

यिनका पुत्र मोतीसिंहदेवले वर्ष १५ भक्तपुरको राज्य गरे।

यिनका पुत्र शक्तिसिंहदेवले वर्ष २७ राज्य गरे।

यिनका पुत्र श्यामसिंहदेवले वर्ष १५ राज्य गरे। यिनका समयमा नै.सं. ५२८ मा धेरै दिनसंम भूमिकम्प भई उत्पात भयो। भक्तपुरमा धर्मपुर र खड्गपुर, कान्तिपुरमा पंचपुर, ललितपत्तनमा मतिकोभैरव, लगनखेल, इगल र त्यागल भन्ने ठाउँ नष्ट भए। बुगमतीमा मत्स्येन्द्रनाथको देवालय भत्की ढोकासमेत बन्द भयो। अरू ठाउँका देवताहरूका देवालयहरू र प्रजाहरूका घरहरूसमेत भत्की सब मैदान भए। फेरि भूमि फाटी धेरै गाई, भैंसी, बाख्रा आदि पशु र पंछीहरूसमेत नाश भए। यी श्यामसिंहका छोरा नभई नरेन्द्रलक्ष्मी, नृपेन्द्रलक्ष्मी र मुनीन्द्रलक्ष्मी नाउँकी तीन छोरी मात्र थिए। जेठी नरेन्द्रलक्ष्मीलाई यिनका पुर्खा नान्यदेवले नेपाल स्वाधीन गर्दा तिरहुत भगाएका नेपाली मल्ल राजाका सन्तान जयभद्र नामक मल्ल क्षत्रियसंग विवाह गरिदिएका थिए। आखिरसंम पनि छोरा नहुँदा तिनै जयभद्रलाई राज्याभिषेक दिई आफू वाग्मती आर्यातीर्थमा प्राण त्याग गरेर परलोक भए।

यी जयभद्र मल्लले वर्ष १५ राज्य गरे। यिनका राज्य समयमा अघिका यस शहरका राजाका सन्तति फेरि राजा हुन आए भनी नवदुर्गागणहरू बहुत प्रसन्न भए। उनका राज्यकालदेखि त्यस देशका आग्नेयतर्फका खेतमा धान झांट्दा अन्नको ठूलो रास भई मानिसले धेरै ओसार्दा पनि नसकिएर पूर्ण भइरहेको रास थुँको बनी अन्न झांटदा अद्यापि थर्कदैछ।

यिनका पुत्र नाग मल्लले वर्ष १५ राज्य गरे।

यिनका पुत्र जगज्जय मल्लले वर्ष ११ राज्य गरे।

यिनका पुत्र नागेन्द्र मल्लले वर्ष १० राज्य गरे।

यिनका पुत्र उग्र मल्लले वर्ष ११ राज्य गरे।

यिनका पुत्र अशोक मल्लले वर्ष १९ राज्य गरे। यिनका पालामा पाटन शहरका वैश्यठकुरी राजालाई जिती पाटन शहर आफ्नो अधीन गरी राज्य गरे। यिनले जितेपछि पाटन शहरमा नवकोटका वैश्यठकुरीहरूको राज्य हरायो। त्यहाँ अघि वैश्यठकुरी राजाहरूको राज्य छँदा धेरै बाहाल बनाएका थिए। यी वैश्यका रानी इन्द्रमती र भद्रमतीले देवपाटनमा दुइ दुइ बाहाल च्यासलटोलमा एक बाहाल बनाई देवीप्रीति गरी गुठीसमेत राखे। ती वैश्य राजाका कान्छी रानी कोटबाहाल बनाएर गुठी राखी आर्यातीर्थमा मुक्त भइन। पाटन शहर आफ्नो गरेपछि राजा अशोक मल्लले त्यस ठाउँका क्वाथछेटोलका बालकुमारीको अघिदेखि सेवा र नित्य वाग्मतीको स्नान गरेका हुनाले त्यसैका प्रभावले यी राजाका असल बुद्धिमान् जयस्थिति मल्ल भन्ने पुत्र जन्मे। यिनले वाग्मतीमा स्नान गर्दा कौमारीका समीपमा भएको वाग्मती र मणिमतीका संगमको वेणी पनि वाग्मतीले जग्गा छाडी उत्तरतर्फ बहँदा फरक भयो। यिनले स्वयंभूनाथका वनमा शिकार खेल्न जांदा चैत्र मास हुनाले प्यास लागी पानी खोज्दा पश्चिम विष्णुमती, दक्षिण वाग्मती र पूर्व रुद्रमतीहरूका संगमस्थलमा श्वेतकाली र रक्तकाली रहेको जग्गा अतिरमणीय ठानी त्यस जग्गालाई उत्तरकाशी भन्नू भनी काशीपुर नाम गराए। यिनले धर्मकर्मका साथ भक्तपुर र ललितपत्तन दुइ शहरको भोग गरी आनन्दसंग रहे।

राजा जयस्थिति मल्लले वर्ष ४३ राज्य गरे। यिनले राज्य गर्दा जय नाउँ गरेका मन्त्री र कीर्तिनाथ उपाध्याय, मैथिल रघुनाथ झा, रामनाथ झा, दक्षिणी श्रीनाथ भट्ट, महीनाथ भट्ट यी पाँच ब्राह्मणहरू सर्वशास्त्रज्ञ ठूला बुद्धिमान्

हुनाले उनीहरूका निर्णयअनुसार अघि लोप भएका आचार-विषयको र जातका कामकाजविषयको समेत शास्त्रोक्त रीतले धेरै स्थितिको बन्दोबस्त बांधे। प्रजाहरूलाई पनि त्यहीअनुसार रहन लगाई राज्यशासन गरे।

## जयस्थिति मल्लको स्थिति।

१ प्रजाहरूले आपना घर खेत बिर्ताहरू धितो राखी ऋण ग्रहण गर्न र बिक्री गर्नसमेत हुने नियम।

२ चार वर्ण छत्तीस जातको निर्णय गरी पृथक् पृथक् जातिको भेद छुट्याएर जातअनुसार कर्मकाण्डको नियम।

३ अघिका राजाका पालामा अपराध गर्नेलाई हस्त-प्रहार र धिक्कारवचन यी दुइ सजाय मात्र थियो। कालका प्रभावले यस्ता सामान्य दण्डले प्रजाहरूको रक्षा नहुने ठानी ती दण्डहरूको निवृत्ति गरी रुपियाँ लिने दण्डको प्रवृत्ति गरेर व्यवहारमा चलाए।

४ राजा र राजसन्तति परलोक हुँदा सबै जातका आपना प्रजाहरूलाई जम्मा गरी जातिका क्रमले मानिसहरूको दुइ दुइ चार चार जोडीको पंक्ति गरी नयाँ पलङ बनाएर स्मशानमा लैजाने। त्यस पलङमा मृतशरीर राखी स्वजातिले बोकेर दीपक राग गाउँदै बाजा बजाई स्मशानमा लाने। घाटमा लगी मृतकलाई अग्निसस्कार गर्ने नियम। प्रजाहरूका मृतकका विषयमा छत्तीस जातमा कसैकसैलाई काहार बाजा बजाई स्मशानमा लगेर जलाउने नियम।

५ आपना जातले गरिआएको कार्य छोड्ने र अर्का जातले गरेको कार्य स्वीकार गर्नेलाई अपराधी-सरह दण्ड गर्ने नियम।

६ जात चिन्नाका निति सानासाना जातलाई पहिरन, गहना, घर आदि यस्तो यस्तो बनाई व्यवहार गर्नू, यस्तो यस्तो व्यवहार नगर्नू भनी जातैपीछे बेग्लाबेग्लै नियम गरी चलनको स्थिति गरे। जस्तो पहिरनका विषयमा कसाई जातले बाहुं काटेको लुगा लगाउनू। पोडे जातले टोपी,लबेदा, जुत्ता र सुनका गहना नलगाउनू। कसाई, पोडे र चर्मकारहरूले झिंगटीको छाना भएको घर नबनाउनू, यस्ता घरमा पनि नबस्नू। आफूभन्दा ठूला जातलाई साना जातले नरम भई मान्नू भन्ने पनि नियमको स्थिति गरे। यस्ता प्रकारले जातजातको पृथक्पृथक् स्थिति बाँधी व्यवहारको सबै शास्त्रोक्त नियम चलनमा चलाएर देश र विदेशमा समेत यश कीर्ति चलाए।

यी जयस्थिति मल्ललाई राजगद्दी मिलेको कारण:—यी बालक छँदैमा अशोक मल्ल परलोक भए। यिनले बालकैमा राजगद्दी पाए पनि यिनका पिताका भित्रिनीपट्टि-का छोरा ३ जनाले दुःख दिई राज्य भोग गर्न नदिंदा भागी पनौती शहरमा गएर लुकिरहेका थिए। त्यस बखत ६ वर्षसम यी मठ्याहा ३ भाइले राजकाज चलाइरहेका थिए। तिनै ताका तीन भाइले ३ कामको जिम्मा लिए। जेठाले ठूलो पोखरी बनाउने। माहिलाले शहर बीचमा पारेर वरिपरि उच्चो पर्खाल बनाउने। कान्छाले दरबार चोकहरू बढाउने। यी ३ थोक बनाउने निश्चय गरी प्रजाहरूलाई एकै कालमा तीनै जनाले झारा आउनू भनी उर्दी गरे। त्यस शहरका भलामानिसहरूले पनि जम्मा भई संमत गरे:—अहिले हामीले पट्टरानीपट्टिका राजा जय मल्लको आज्ञा शिरोपर गर्न पाएनौं। यी भित्रिनीपट्टिका साना बुद्धि भएका मानिसका हुकुममा चल्नुपर्‍यो। अब प्रजाहरूलाई दुःख पनि दिन थाले। एकै कालमा तीनतिरको काम हुँदा प्रजाहरूलाई पनि तीन विभाग गर्नुपर्ने भयो भनी असलपट्टिका जय मल्ल-लाई राजगद्दीमा राख्ने संमत गरे। सबै प्रजाहरू जम्मा भई घुरा उठेर सबैले हातमा एकएक लठ्ठी लिई पनौती शहरमा पुगे। अनि राजा जय मल्ललाई पीठमा बोकेर ल्याई फेरि राज्याभिषेक दिएर राजगद्दीमा राखी राजा बनाए। भित्रिनीपट्टिका राजा बनेका तीन भाइलाई लठ्ठीले हानेर शिर फोरी मारे।

त्यसै बखतमा सबै प्रजाहरू जम्मा भई राजासंग विन्ति गरे—"महाराज, हामीहरूको घरखेत सुना गरी हाम्रो खुश

गर्न दिइबक्सियोस् ।" यसबाट जय मल्ल खुशी भई "चलनका हकमा कांटा, ढक, पाथी र कुरुवाले नापजोख गरी किन्ने र बेच्ने व्यवहार गर्नू । आफ्ना जातको रकम नछोड्नू । जात नछिपाउनू । प्रजाहरूका घरखेतका हकमा तिमीहरूको सुनाघर, सुनाखेत र सुनाबारी भन्ने नाउँ गरी घर, खेत र पाखाहरू तिमीहरूलाई बक्स्यौं । बेच्नु, दान गर्नु, देवतालाई चढाउनु र बन्धक गर्नुसमेत आफ्नो खुश गर ।" भनी घरखेत प्रजाहरूलाई बक्स दिए । प्रजाहरूले पनि घरखेत सुनाबिर्ता पाई बहुत खुशी भए ।

फेरि यिनले शिल्पविद्यामा प्रवीण भएका कालिगडबोलाई वाग्मती आर्यातीर्थका पारि रामचन्द्र, लवहरि र कुशहरि भन्ने तीन मूर्ति बनाई स्थापना गरेर प्रतिवर्ष पूजा गरी इष्टदेवता माने । मृगस्थलीमा गोरखनाथको पादुका र मूर्ति तुल्याई सिद्ध भनी जगाए । गोकर्णेश्वरमा नित्य पूजाका सामग्रीको बन्दोबस्त गरी नित्य पूजा गराएर जीर्णोद्धार पनि गरे । ललितपत्तनमा कुम्भेश्वरको दुइ तला छाना गरेर बनाई गजूर चढाए । त्यस देवालयका सन्निधानमा तलाउ सोहोरी सफा गर्दा शिलाको नारायणमूर्ति १, गणेशमूर्ति १, शीतलामूर्ति १, वासुकिमूर्ति १, गौरीको मूर्ति १, बसाह १, कीर्तिमुखभैरवको मूर्ति १, र आगममूर्ति १ समेत जम्मा ८ पोखरीभित्र पाइए । तिनीहरूलाई स्थानस्थानमा जीर्णोद्धारपूर्वक स्थापना गरे । शीतलाशान्तिका निमित्त उन्मत्तभैरवको स्थापना गरेर मन्त्रका प्रभावले जगाए । तिनका माथि आगममूर्ति स्थापना गरी नेपाली संवत् ५१२ मा समाप्त गरे । यो विस्तार भैरवशिलामा लेखिएको छँदैछ ।

यिनले नेपाली संवत् ५१५ माघ शुक्ल दशमी तिथि रोहिणी नक्षत्रका दिन बिहान १३ घडी दिन चढ्दा गणेशपूजा, कलशस्थापनापूर्वक कोट्याहुति यज्ञको प्रारम्भ गरे । समाप्तिमा ब्राह्मणहरूलाई दानदक्षिणा र भोजन गराए । त्यसै बखतमा ब्राह्मण आदि सबै प्रजाहरूलाई वृत्ति चलाउनाका निति जातविशेषको बेग्लाबेग्लै वृत्तिको व्यवस्था बाँधी बन्दोबस्तसाथ प्रजाहरूलाई वृत्तिमा प्रवृत्ति गराए । साहु र ऋणीका विषयमा डिक, भोग र किल भन्ने नाउँले व्यवहारको चलन चलाए ।

यी राजाले लेखिएका मन्त्री र पण्डितहरूका संमतले जातमाला, जातनिर्णय, क्षेत्रनिर्णय, गृहनिर्णय, नरकार्यावलि र दण्डमाला भन्ने लेख (ऐन वा नियम जस्तो) गरी यस लेखले विशेष स्थिति बांध्नालाई नेपाली संवत् ५३९सालमा डिल्लीपति बादशाहसंग सौगात पठाई बक्साए । बादशाहले पनि त्यस्तो स्थिति बांध्नालाई र सुनशृङ्गी रुपियां बनाउनालाई हुकुम दिई अरु देशविदेशका चीजहरूको खिल्लतका साथै जय मल्ल नेपालेश्वर जय स्थिति राज मल्ल देव भन्ने नाउँको पदवी दिई पठाए । त्यसअनुसार श्री श्री श्री श्री श्री जय मल्ल नेपालेश्वर जय स्थिति राज मल्ल देव भन्ने प्रशस्ति प्रख्यात गरी आफ्ना नाउँको सुनशृङ्गी रुपियां बनाएर चलाए । लेखिएअनुसार आफूले बाँधेका स्थितिमा प्रजाहरूलाई प्रवृत्ति पनि गराए । त्यस्तो स्थिति अब यहाँ लेखिन्छ ।

१, घरका विषयमाः— बूढी अगुलका चौबीस अगुलका प्रमाणको हात १ आफ्ना हातको प्रमाण गरी बनाएको स्थिति । गल्लीका घरको प्रमाण— घरको चौतर्फ नापी हात ९५ को खा १, गल्लीभित्रका घरको प्रमाण— घरको चौतर्फ नापी हात १०१को खा १, शहरपट्टिका घरको प्रमाण— हात ८५ को खा १ । यस्ता हिसाबले घरका विषयमा तीन प्रकारका नापीको नियम बाँधे ।

२, ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यति जातलाई घर बनाउने कार्यका विषयमा— वास्तुप्रकरणोक्त क्रम र अष्टवर्गका विचारले यथोक्तविधिपूर्वक शिलान्यास गरी बनाउने नियम बाँधे ।

३, जातक कार्य विषयमा— ब्राह्मण र क्षत्रियले ब्राह्मणबाट तथा वैश्य र शूद्रहरूले दैवज्ञबाट जातकशास्त्रहरूको विचार गरी दिनको यथेष्ट कालादि र फलनिर्णयसमेतको जातकपत्री लेखाउनू ।

४, खेतका विषयमा— अवल, दोयम सिम र चाहार चार प्रकारको व्यवस्था बाँधी संख्याको स्थिति गरे । जस्तो अवल खेतमा— चारैतर्फ नापी प्रमाण हात ९५ को कर्ष १, दोयम खेतमा— चारैतर्फ नापी प्रमाण हात १०५ को कर्ष १, सिम खेतमा— चारैतर्फ नापी प्रमाण हात ११२ को कर्ष १, चाहार खेतमा— चारैतर्फ नापी प्रमाण हात १२५ को कर्ष १ गराए । बूढीऔंलाका

२४ अंगुलको एक हातका प्रमाणको साढे सात हात प्रमाण भएको टांगो नाउँको खेत नाप्ने मानदण्ड बनाए। अघि नापीकार्यका विषयमा साढे दश हात प्रमाणको मानदण्ड थियो। यिनका पालामा त्यो मेटी आफ्ना हातको प्रमाण गरी साढे सात हातको मानदण्ड कायम गरे। नापी गर्नालाई दंगुल नाउँको क्षेत्रकारको जात प्रसिद्ध गरी व्यवहार गरे। घर नापी गर्ने कार्यका विषयमा– तक्षकार बांडाहरूमध्ये पिछु भन्ने नाउँको गृहकार जात प्रसिद्ध गरे।

नेवारलाई ३६ जातको भेद गरी श्रेष्ठ भन्ने नेवार जात प्रख्यात गरे। यस्तै अरूहरूका जातको पनि पृथक् पृथक् भेद गरे। जस्तो– जंसीको जात ८, अचारको जात ८, वैद्यको जात ४ इत्यादि।

श्रेष्ठका ३६ जातमध्ये तागाधारी जात १३, चण्डेरी, सुबेडी, भंडारी, आचार, दैवज्ञ इत्यादि।

ब्राह्मणको जात– पंचगौड र पंचद्राविड यति १० मूलजात हुन्। यिनैबाट ब्राह्मणका जातको नाउँ धेरै हुन गयो। जैसी ब्राह्मणलाई अपूज्य गरे।

ज्यापूको जात ३२, कुमालेको जात ८, खसको जात ६४, कसाईले नङ काट्ने जात ७२, बांडाको जात ४, कुसलेको ४, चर्मकार, कुल सब जात जम्मा गरी ७२५ सात सय पच्चीस जात ठहरे।

यस्तो जातको व्यवस्था बांधी साना जातका हातबाट अधिकार नभएका उत्तम कार्यहरू गराउनाले कुलको नाश र आयु नाश हुन्छ, नगराउनू भन्ने सबै जातमा नियम बाँधे।

ठूला जातका स्त्रीले आफूभन्दा साना जातका पुरुषजातसंग र साना जातका पुरुषले आफूभन्दा ठूला जातका स्त्रीसंग रतिक्रीडा नगर्नू, गरे जातिविशेषको व्यवस्थाले जातिभ्रष्ट र भारी दण्ड तथा प्रायश्चित्तको भागी हुन्छ भन्ने पनि सबै जातमा नियम बाँधे।

जातिकार्यको व्यवस्था– आफ्ना जातमा परापूर्वदेखि गरिआएको काममा ब्राह्मणले आफ्नो पूजापाठ र यजमानी काम गर्नू, काम गर्न बिराए ब्राह्मणलाई तुरु १००० दण्ड गर्नू। त्यस्तै काम बिराए आचारलाई ५००, गुभाललाई ५००, ज्यापूलाई २५, सुढिनीलाई २५, पिछिनीलाई १२, नाऊलाई १२, भाटलाई १२, कहारलाई १२, कुमाललाई १२, चित्रकारलाई १२, कसाईलाई १२, पोडेलाई १२ दण्ड गर्नू। यजमानले बिराए यजमानलाई तुरु १००० दण्ड गर्नू। राजाले पनि सबै जातको कुलाचारकार्यहरूको परापूर्वमा चलेबमोजिम हुने गरी स्थिति बाँधी प्रवृत्त गराउनू भन्ने स्थिति बाँधे।

जातजातका वृत्तिको विषयमा– ब्राह्मणले यजमानी, क्षत्रियले राजकाजको स्थिति, वैश्यले बेपार, शूद्रले सबैको सेवा गर्नू। यी काम अरू जातिले गर्न हुँदैन। त्यस्तै चित्रकारले चित्रकार काम गर्नू। साल्मीले तेल पेल्नू। छिपाले कपडा रंगाउनू। भाटजातले नम्बूर गाउनू। गठ र माली जातले फूल बेच्नू। खुसलले डोली बोक्नू। योगी वेषधारीले मागी खानू। लोहकर्मीले ढुंगाको काम गर्नू। नकर्मीले फलामको काम गर्नू। सिकर्मीले काठको काम गर्नू। ज्योतिषीले ज्योतिषविषयको काम गर्नू। कुमालले माटाका भाँडा बनाउनू। टटी जातले कात्रो बुन्नू। कसाईले रांगो मार्नू र मासु बेच्नू। नाऊले कपाल खौरनू, नङ काट्नू। भडेलले पाक गर्नू। कसटले कांसाको काम गर्नू। तमोटले तामाको काम गर्नू। बांडाहरूले सुनचाँदीको काम गर्नू। बौद्धाचार्य गुभालले चित्रकारी, साल्मी, छिपा, भाट, गठ, लोहकर्मी, कुमाल, नाऊ र बांडा यी नौ किसिमका जातको यजमानी गर्नू।

पंचप्रजाहरूलाई बाँधेको स्थिति– सिपाहीलाई ढालतरवार, खाली प्रजाहरूलाई डोकोबोको, सबैले आफाफ्ना कर्ममा रहनू। ब्राह्मणलाई सिपाहीले पाउलागी गर्नू। ब्राह्मणले स्वस्ति कल्याण, दीर्घायु यस्तो आशीर्वाद दिनू। सिपाही र नेवारले परस्पर रामराम गर्नू।

चार वर्ण छत्तीसै जातका निति बाँधेको स्थिति– मानिस जन्मदा सुंढिनीलाई दिने दस्तुर– चिउरा कुरुवा १०, चामल कुरुवा १० र जन्मेदेखि नुवारनसम्म बालकलाई दिएको वस्तु त्यस सुंढिनीले पाउँदछे। डावदा नआउने

सुंढिनीलाई तुरु १२ दण्ड गर्नू। साविक सुढिनीलाई नडाकी अरू सुंढिनीलाई डाक्ने र आउने सुंढिनीलाई पनि तुरु २४।२४ दण्ड गर्नू। जन्म भएको दिन अजिमाहरूलाई र नातादार इष्टमित्रहरूलाई पनि सिन्दूरसुपारी दिनू। देवताहरूलाई सिन्दूरको पोका र दक्षिणा चढाउनू। गुरुपुरोहितलाई पनि दिनू। सिचुपालु पनि चढाउनू। दिन विचार गरी बढिया दिनमा पिछिनीलाई डाकी नाल कटाउनू। त्यसलाई दस्तूर चिउरा कुरुवा ५ चामल कुरुवा ५ दिनू। डाक्न जांदा नआउने पिछिनीलाई तुरु १२ दण्ड गर्नू।

बालक जन्मेका चौथा दिनमा— अजिमालाई सिचुपालु चढाउनू। सिचुपालु भनेको सुत्केरी हुँदा नून, अदुवा टुक्रा, ज्वानु र चाकु एकै ठाउँमा मिसाएको सुत्केरी हेर्न आएका सबै इष्टमित्रहरूलाई बाँड्ने बालग्रह शान्त गर्ने पदार्थ हो। फेरि सिचुपालु बाँड्नू। क्वाथ र इसीमूग चढाउनू,खुवाउनू। सेतो भोटो,पहेंलो रुमाल,मिमिरा अंगूठी र एक कुरुवा चामल तथा बुकुवातेल ल्याई दिनू। प्रोहितले सोह्री काम गर्नू। यजमानले दक्षिणाभेटी २४ दाम दिनू। यसमा साबिक पुरोहितलाई नडाकी अर्को प्रोहितलाई डाक्ने यजमानलाई र आई काम गर्ने पुरोहितलाई तुरु ५।५ दण्ड गर्नू। जो सकेको हर्षबढाई र सिचुपालुसमेत गाउनेबजाउनेलाई दिई पठाउनू। फुपूले त्यहाँ आउने नातादारहरू र पुत्रपरिवारहरू सबैलाई खुवाउनू। काम सिद्धिएपछि फुपूलाई चोलाहरू दिई पठाउनू। पुरोहितलाई सिधादक्षिणा दिई पठाउनू। दसौं दिनमा नाऊ डाकी नङकेश बनाउनू। काममा लागेका नाऊनैनीलाई पेटभरि खुवाउनू। नाऊले आफूले पाउने वर्षदिनको ठेकबाली अड्के बाली लिई मात्र काम गर्नू। त्यसकारण यजमानले पनि नाऊनङिनीलाई दिनुपर्ने ठेकबाली नअड्काई अगाडि नै दिनू। डाक्दा आएन भने त्यस नाऊलाई तुरु १२ दण्ड गर्नू। यजमानले साबिक नाऊ छाडी अर्को नाऊ डाकेर काममा लगाए भने काम लाउने गर्ने दुबैलाई तुरु १२।१२ दण्ड गर्नू। हरबखत वर्षदिनसंम काम गर्ने नाऊलाई दिउसो खान खाजा चिउरा दिनू।

देवपाटनमा बसेका लुगा धुने संधत भन्ने जातलाई लुगा धुन बिदा एक पाथी चिउरा र चौध दाम दस्तूर दिनू। डाक्न जांदा नआउने संधतलाई तुरु ३ दण्ड गर्नू। साबिक संधतलाई छोडी अरूलाई डाकी काम लगाए सो गर्ने गराउनेलाई तुरु ३।३ दण्ड गर्नू।

सूतकभित्रमा ज्योतिषीलाई डाकी बढिया दिन हेरी चिनाचिटा गर्नू। ज्योतिषीलाई १२ दाम दस्तूर दिनू। ब्राह्मण र रजपूतको १२ दिनमा नामकर्म गर्नू। अरू जातको १० दिनमा गर्नू। पुरोहितले कलशपूजा गरी नाम ठहराएर पंचसुगन्ध पदार्थले जन्मपत्रीमा नाउँ लेखी बाँचेर बालकलाई सुनाउनू। त्यसो गर्दा सुंढिनीले बालकलाई स्नान गराउनू। घृतप्राशन गराउनू। मिमिरा अंगुठी, भोटो, बुकुवा र तेल लगाइदिई रुमाल दिनू। कलशपूजाहरूमा र अजिमाको काम गर्दा सिचुपालु चढाउनू। ती काममा लाग्ने मानिसलाई पनि सिचुपालु बाँड्नू। माइतबाट ल्याएको टीकाको सरजाम सौंपनू। माइतबाट आउने मानिसलाई पेटभरि खुवाएर दाम दिई बिदा गर्नू। अजिमालाई दिने पदार्थहरू बाटामा लगी फाल्नू। त्यस दिनदेखि बालकलाई महमा घोटी औषधी खुवाउनू।

तेस्रा महीना लागेपछि बढिया दिनमा कलशपूजा गरी शुभ लग्न र मुहूर्तमा कुलका मान्ने स्त्री वा पुरुषले नरिवल, कपूर, गुलियो फल र ऊखुको रसहरू खुवाउनू। अनि सुंढिनीले बलि फाल्नू। यजमानले ब्राह्मणलाई सिधा र दक्षिणा दिई बिदा गर्नू। माइतबाट आउनेलाई खुवाई २।२ दाम दस्तूर दिएर बिदा गर्नू। त्यस बखतदेखि बालकलाई फलसातु चल्यो।

छ महीना लागेपछि बढिया दिन र मुहूर्तमा ब्राह्मणले कलशपूजा गरी चौरासी जातका परिकार भएको व्यंजनहरू र शालिधानका एक कुरुवा चामलको भातसमेत खाने पदार्थहरू ठूलो थालमा त्रिकुटीसमेत राखेर पस्की पहिले त्यही हिसाबको व्यंजन, भात, दहि आदि खाने पदार्थहरू अजिमालाई पर सारी असल वेलामा कुलका मान्ने पुरुष वा स्त्रीले पंचग्रास खुवाई ठूलो गांस गरी तीन गांस खुवाउनू। देवदेवतालाई ९ भाग भेटी र ब्राह्मणलाई सिधादक्षिणालाई दिई बिदा गर्नू। त्यस दिनदेखि बालकलाई अन्न चल्यो।

चूडाकर्म:— अघिल्ला दिन कुलका मान्ने पुरुषले मङ्कपाल बनाएर खलीपिनाले नुहाई शुद्ध हुनू। भोलिपल्ट

उनले गणेशपूजा, नान्दीश्राद्ध, पीठपूजाहरू, पूर्वाङ्ग र गुरुनाथको पूजासमेत आचार्यका हातबाट गराउनू । त्यसपछि बटुकका शिरदेखि पाउसंम सूत्रले नापी १०८ आवृत्ति गरी कुमारीका हातले बेह्री बनाएको अधिवासनसूत्र, सुगन्धद्रव्य, स्वस्तिकचिह्नित पदार्थहरू र अग्निसंस्कृत लोहको क्षुर, शकुनफलहरूसमेत जम्मा गरेर अभिषेक दिई नवरत्नमुद्रिकाले बटुकका केशमा बाँध्नू । देवतालाई भेटी चढाउनू । कुमारीको पूजा गरी ब्राह्मण, जोसी र आचार्यहरूलाई पूजा गरी सिधादक्षिणा दिनू । अनि त्रिकुटीसहितको ठूलो थालमा शालिधानको एक कुरुवा चामलको भात जम्मै पस्की चौरासीव्यंजनसमेत त्यस बटुकलाई पंचग्रासपूर्वक भोजन गराउनू । अनि उच्छिष्ट कलुप फाल्नू ।

भोलिपल्टै प्रात:कालमा सामग्री तयार गरी यज्ञमण्डपमा पूर्वाङ्गकर्म सिध्याई ब्रह्मार्चन गरेर होम गर्नू । सुलग्नमुहूर्तका बखतमा मातुल, क्षुर, सुवर्णसूचीहरू चन्द्रमण्डल थलियामा राखेर पूजा गरी सर्वौषधीयुक्त जलले बालकको केश भिजाउनू । केशमा पंचपल्लव बांधी मावलीका हातले पहिले पूर्वतिरको केश, अनि क्रमैले दक्षिण, पश्चिम, उत्तरतिरको केश छेदन गर्नू । फुपूले चन्द्रमण्डल थलियामा थाप्नू । मामाले सुवर्णसूचीले सुगन्धी चन्दनद्वारा चिह्न लगाइदिनू । अनि संपूर्ण केश नाऊबाट खौराउनू । कान छेड्नू । ठाडो टीका लगाउनू । स्नान गराई कपालमा श्रीखण्डले सेतो तिलक लगाइदिनू । निधारमा स्वस्तिक लेखी शकुन आशीर्वादहरू पढी वस्त्र पहिराउनू । ठाडो चन्दन लगाउनू । देवताहरूलाई भेटी र ब्राह्मणलाई सिधादक्षिणा दिनू । यज्ञविसर्जन र अभिषेक गरी सूर्य, गणेश आदि देवताहरूको दर्शन गराउनू । मामाका घरबाट ल्याएको टीका लगाइदिनू । ल्याउनेलाई खुवाई २।२ दाम दस्तूर दिनू । फुपूलाई चोलो १ र चन्द्रमण्डलको थाल दिनू । नाऊलाई चार दिन क्षौरकर्ममा लगाएको वस्त्र र खानेकुराको भाग तथा १२ दाम दस्तूरसमेत दिई बिदा गर्नू । यी काममा लाग्ने साबिक मानिस छोडी अरूलाई डाकेर काममा लगाउने यजमान र गर्नेलाई पनि तुरु २४।२४ दण्ड गर्नू । डाक्दा नआउने यिनीहरूलाई पुरोहितलाई तुरु १२, जैसीलाई तुरु ६, फुपूलाई तुरु ८, चित्रकारीलाई तुरु २, कुमाललाई तुरु १०, नाऊलाई तुरु ३६ दरले दण्ड गर्नू । यो ब्राह्मणक्षत्रियको चूडाकर्मको व्यवस्था हो । अरू जातका हैकमा कलशपूजा मात्र गरी क्षौर गर्नू । दण्डका हकैमा माथि लेखिएबमोजिम गर्नू ।

व्रतबन्ध– व्रतबन्धका पूर्वदिनमा अधिवाशन, गणेशपूजा, कलशस्थापन, नान्दीश्राद्ध आदि चूडाकर्ममा गरेबमोजिम कर्म गरी गुरुले होम गर्नू । शुभ मुहूर्तवेलामा यथाक्रमले गुरुमण्डल इन्द्रादि देवताहरूको पूजा गरी दण्डादि ग्रहण र भूषणधारणपूर्वक मौजीबन्धन गरी अन्त्यमा गोदानहरू गर्नू ।

आरम्भकाल– ब्राह्मणको माघादि, आषाढादि र भाद्र शुक्लमा आरम्भ गर्नु बढिया हुन्छ । क्षत्रियको असल साइतमा आरम्भ गर्नु बढिया हुन्छ । मौंजीबन्धनका अष्टम दिनमा समावर्तनकार्य गर्नू । त्यसपछि कुलदेवताको पूजा गरी अभिषेक भोजनहरू गर्नू । यो ब्राह्मण र क्षत्रियको व्यवस्था हो । अरू जातले कलशपूजा मात्र गरी व्रतबन्धन गर्नू । अरू कर्म गर्नुपर्दैन । यति कर्म भइसकेपछि स्वजातको धर्ममर्यादामा रहनू ।

खुसलदेखि उपल्ला जातले त्यसमनि कुलूसंमका जातका हातको पानी नखानू । कदाचित् भूलमा पनि खाए चान्द्रायण गरी पंचगव्य खाएर ब्राह्मणलाई गोदान गरी रात्रीमा ताराको दर्शन गरेर भोजन गर्नू, शुद्ध हुन्छ ।

अकला पर्दा जानीजानी खायो भने प्रजापत्य चान्द्रायण र गोदान गरी ब्राह्मणलाई सिधादक्षिणा दिएर सरकारमा तुरु १२० दण्ड तिरी पंचगव्य गंगाजल खाएर आफ्नो जातलाई तुरु १२।१२ दिई उनीहरूलाइ भोजन गराएर रात्रीको ताराको दर्शन गरी स्वजातिसंग भात मिलाउनू ।

बाबु ब्राह्मण र आमा विधवा रजपूतनीबाट जन्मेका जैसीलाई जनै दिई शिखा गायत्री दिनू । ती जैसीब्राह्मणले संकल्प पढ्नू । श्रेष्ठजातसंग विवाहकर्म गर्नू । ज्योतिषशास्त्र पढ्नू । पात्रो बनाउनू । ग्रहणयोग र स्नानादियोगहरू कहनू । चिह्ना लेख्नू । यति कार्य गर्न हुन्छ । यीबाहेक अरू ब्राह्मणले गर्ने कार्य गर्न हुँदैन । कदाचित् यस कार्यको मर्यादा नाघी जैसीजातले अरू ब्रह्मकर्ममा प्रवृत्त भए त्यस जैसीलाई तुरु १२ दण्ड गर्नू ।

बाबु ब्राह्मण र आमा स्ववर्ण क्षत्रिणीबाट जन्म हुने कर्माचार्य भन्ने जातले शिखा गायत्री पाई तुलजादेवीको टहल गर्नू । कदाचित् कुनै कारणले देवीको काम अड्क्यो भने मनि पूजा नअड्काउनू । अरूले छुन नहुने देवदेवतालाई भोको राज हुने ठाउँमा ल्याउनू । कर्माचार्यले आफ्ना कुर्थामा नचलेकोमा बल मिची जर्नै लाए जर्नै छिनालिदिई त्यस कर्माचार्यलाई आगामा लाल गरी पोलेका फलामका खारकी जनै लगाइदिनू । अरू कुरामा माथिकै सदर ठाम्नू ।

जैंसी जातले आफूले गर्नु हुने कर्महरूबाहेक बलमिचाइँ गरी उपल्ला जातले गर्ने कर्म गरे त्यस जैंसीको जनै छिनाई अरू ठजातमा मिलाएर तुरु २४ दण्ड गर्नू ।

ब्राह्मणले खुसल्नीलाई स्वास्नी तुल्याए भने तुरु १२० दण्ड गर्नू । प्रजापत्य चान्द्रायण गरी आफना जातवर्गीलाई तुरु २४ दस्तूर दिएर भोजन गराउनू । पंचगव्य, गंगाजल, शालिग्रामको जल र तुलसीजल खाई रात्रीमा ताराको दर्शन गरेर भोजन गर्नू, शुद्ध हुन्छ ।

तपिनी, मुसल्नी, सालिमिनी, चित्रकार्नी, भटिनी र धुवपुलिनी जातका स्त्रीलाई ब्राह्मणले स्वास्नी तुल्याए खुसल्नीसंग बिग्रँदा हुनेबमोजिम कार्य गरी शुद्ध हुन्छ ।

नाऊनी र संघतनीसंग ब्राह्मण बिग्रे तुरु १४० दण्ड गर्नू । अरू माथि लेखिएबमोजिम गरी शुद्ध हुन्छ ।

लोहकार्नी, कौनी, माहुतिनी, छिपिनी, मालिनी, बलिनी, कसाइनी, गठिनी, संखुनी, छत्रकार्नी, सबल्नी, सुढिनी, कुस्लिनी, बलामिनी र माझिनी जातका स्त्रीलाई ब्राह्मणले स्वास्नी तुल्याए तुरु ४८० दण्ड गर्नू । चान्द्रायणका हकमा माथि लेखिएको दोबर गरी अरू कर्म लेखिएबमोजिम गर्नू, शुद्ध हुन्छ ।

पोडिनी, च्यामिनी र कुलुनीजातका स्त्रीलाई यीभन्दा उपल्ला जातका पुरुषले स्वास्नी तुल्याए उही जात हुन्छ, प्रायश्चित्त छैन । नजानी भूल परी बिग्रे तुरु २४० दण्ड गर्नू । तीन प्रजापत्य चान्द्रायण गरी अरू कर्म माथि लेखिएबमोजिम गर्नू, शुद्ध हुन्छ ।

यी सबै जातमा लोग्ने भएका स्वास्नीसंग बिग्रे सुनशृङ्गी रुपियाँ ६० दण्ड गर्नू । अरू माथि लेखिएकै सदर गर्नू ।

लासा जानेका सुवासिनीसंग बिग्रे लेखिएका दण्डको दोब्बर दण्ड गर्नू । यी माथि लेखिएका कसूरहरू क्षत्रिय जातले गरे त्यसको आधा दण्ड गर्नू । प्रायश्चित्त पनि आधा गर्नू । अरू कुरामा ब्राह्मणलाई हुनेबमोजिम गर्नू । वैश्यजाति बिग्रे भने दण्डका हकमा क्षत्रियलाई हुनेबमोजिम गर्नू । प्रायश्चित्त आधा गर्नू । अरू लेखिएकै सदर । शूद्रजाति बिग्रे भने दण्डका हकमा क्षत्रियलाई हुने दण्डको आधा दण्ड गर्नू । चान्द्रायण माथिकै सदर ।

प्रायश्चित गर्नु नपर्ने लोग्ने हुने स्वजातका स्वास्नीसंग बिग्रे सुनशृङ्गी रु. ६० दण्ढ गर्नू ।

असल जातका स्वास्नीसंग उभन्दा कम जातको पुरुष बिग्रे भने जातको पंक्ति बढाई स्वास्नीको गर्भ रहेको छैन भने भूल परी बिग्रेको भए चौथाइ दण्ड गर्नू । चान्द्रायण प्राजापत्यका हकमा माथिकै सदर गर्नू । जानी जानी बिग्रेको भए दण्ड चान्द्रायणका हकमा दोब्बर बढाई गर्नू । अरू माथि लेखिएकै सदर गर्नू ।

लोग्ने हुने ब्राह्मणीसंग ब्राह्मण बिग्रे सुनशृङ्गी रुपियाँ ३०दण्ड गर्नू । ती ब्राह्मणी आफ्ना जातबाट भ्रष्ट हुन्छिन् । लोग्ने भएका ब्राह्मणीसंग क्षत्रिय बिग्रे लिंग काटी सुनशृङ्गी रु. ३० दण्ड गरेर खोलापारि लगेर त्यस क्षत्रियलाई एकै चोटमा मर्ने गरी चाण्डालका हातबाट हानी मार्नू । विधवा ब्राह्मणीसंग क्षत्रिय बिग्रे लिंग मात्र काटी सुनशृङ्गी रु. ३० दण्ड गर्नू । त्यस क्षत्रियले आफ्ना जातभातमा जानुपरे प्राजापत्य चान्द्रायण गर्नू, अपराध शुद्ध हुन्छ । लोग्ने भएका ब्राह्मणीसंग वैश्यजात बिग्रे भने लिंग काटी सुनशृङ्गी रु. १२० दण्ड गर्नू । दुवै लोग्नेस्वास्नीलाई चान्द्रायण छैन, अपराधी ठहर्छन् । विधवा ब्राह्मणीसंग वैश्य बिग्रे लिंग काटी सुनशृङ्गी रु. ६० दण्ड गर्नू । ब्राह्मणीलाई चान्द्रायण छैन, अपराधी हुन्छे । त्यस्ता वैश्यले आफ्ना जातभातमा चल्नुपरे १० प्राजापत्य चान्द्रायण गर्नू, शुद्ध हुन्छ । लोग्ने हुने ब्राह्मणीसंग शूद्र बिग्रे लिंग काटी खुवाई

चाण्डालको हातले त्यसलाई कटाउनू । ब्राह्मणीलाई चान्द्रायण छैन, लोग्नेको जातमा मिल्छे ।

**जातविशेषको कार्यव्यवस्था ।**

सानो ठूलो छुट्टिने गरी तल्ला जातदेखि क्रमैले देखिन्छ ।

कुलू जातले गर्ने कामको व्यवस्था– आफ्ना जातका हातबाट कपाल खौरनू, नङ काट्नू । वृद्धिसूतक र मृतसूतकको कर्म पनि आफाफूले गर्नू । आशौच १० दिन बार्नू । पैंतालीसदिने पिण्डकर्म र सपिण्डीकर्महरू पनि आफ्ना जातका नाइकेका वचनले आफ्ना जातका जान्ने मानिसका मुखबाट वाक्य पढी गराउनू । छालाका कूवा, गाग्रो, थैली, थैलो आदि मालहरू बनाउनू । बाजा पेटाराका गोलामा छाला लगाउनू । आफ्नो जातले गर्ने छालाको काम छोडी अरू जातले गर्ने इलम गरे त्यस कुलूलाई तुरु १२० दण्ड गर्नू । यस जातले आफ्ना जातमा विवाह गर्न पाएन भने आफ्नो जात नदबाई स्वास्नीलाई राजी गराई श्रेष्ठदेखि कुसलेसंमका जातका स्वास्नी ल्याउनू, बात लाग्दैन ।

पोडेजातको व्यवस्था– आफ्ना जातका हातबाट कपाल खोरनू, नङ काट्नू । आफाफूले वचन पढी सूतकपिण्डहरू गर्नू । जोडी मिलाई जोर पोशाक नलाउनू । सुनको गहना नलगाउनू । सूर्यनारायण अस्त भएपछि विनाकामले शहरभित्र नपस्नू । पीठदेवताका समीपमा बसी देवताका गहनाको संभार गरेर नैवेद्य मागी खानू । माछा मारी र भंगेरा समाती बेचेर खानू । आफूभन्दा ठूला जातलाई नछुनू । गाई नखानू, सुंगुर खानू । मुर्दाका लुगाहरू बटुलेर लिनू । श्मशानको दस्तूर १ दाम लिनू । पोडिनीले सती जाने स्वास्नीमानिससंग प्रेमपूर्वक मागी जोरपोशाक लिनू । सती जाने स्वास्नीमानिसले लोग्नेसंग नमरी चित्ताबाट उरेर जान्छु भनी भने त्यस स्त्रीले पोडिनीसंग मिली त्यही जात भई बस्नू ।

डुमजातको व्यवस्था– कुसलेजातसँगसँगै मिली ढौलक बजाउनू । स्वास्नी नचाएर कमाई गरी खानू । मृतसूतककर्म र त्रैपक्षिककर्महरू आफैंले गर्नू ।

कुसलेजातको व्यवस्था– सबै प्रजाका मंगलकार्यमा बाजा बजाउनू । सामान्य कार्य गर्दा दस्तूर १२ दाम लिनू । विवाहकार्यमा भए रु. ।। दस्तूर लिनू । पास्नी, चूडाकर्म र व्रतबन्धमा जनही दस्तूर दाम ६।६ का दरले लिनू । मंगलकार्य गर्नेले यिनीहरूलाई पेटभरि खुवाउनू । यस जातले डाक्दा नआई काम अड्काए तुरु १२ दण्ड गर्नू । टोलटोलमा दुनियाँहरूको चोक बढारी खानू । कापालिक भेष भई डमरु बजाएर मागी खानू । सूतक दिन ६ र मृतक दिन ७ बार्नू । मृतक गाड्नू । पुरोहित आफ्नै जातको हुनू । मरेमा त्रैपक्षिक कार्य गर्नू । खेतबारी कमाउनू ।

कसाईजातको व्यवस्था– आफ्ना जातका हातबाट नङ, केश बनाउनू । दुनियाँको शवलाई श्मशानघाटमा लैजांदा सतीको बाजा बजाएकोमा एक एक टका र अरूमा तीन तीन दाम दस्तूर लिनू । दुनियाँका काममा रांगो काट्दा एक दाम वा एक पैसा दस्तूर लिई काट्नू । भित्र टीकावाल रांगो नकाटी बाहिर रांगा नकाट्नू । भलामानिसलाई त्यो मासु नबेच्नू । चौरमा प्रजाहरूको रांगो काट्नुपरे राजदस्तूर एक पैसा लिएर मात्र काट्नू । मासुको व्यापार गर्नेले दोबर राजदस्तूर दिनू । दुनियाँले बंदेल काट्नुपर्‍यो भने सरकारमा टाउको चढाई आफ्नो दस्तूर आठ पैसा लिई मासु छुट्याइदिनू । आफूभन्दा ठूला जातलाई दहीदूध नबेच्नू । घीउ पनि नदिनू । सूतक दिन ६ र जूठो दिन ७ बार्नू । त्रैपक्षिककर्महरू माथि लेखिएकै सदर । खेती गर्नू । पुरोहित गुभाल गर्नू ।

नरीजातको व्यवस्था– भित्तामा चित्रकार लेख्नू । फर्मायसी चित्र पनि लेख्नू । कसाईबाट नङकेश कटाउनू । चिउरा कुट्ने मुशल नसमाल्नू । सूतक दिन ६ र मृतक दिन १० बार्नू । त्रैपक्षिक कर्म गर्नू ।

मालीजातको व्यवस्था– फूल बेची साटी खानू । सूतक, जूठो, त्रैपक्षिक र पुरोहितहरू नरीजातका बमोजिम गर्नू ।

छिपाजातको व्यवस्था– नीर आदि रंगहरूले धागो कपडाहरू रंगाउनू । कसाईबाट कपालनङ कटाउनू । सूतक, जूठो, त्रैपक्षिक र पुरोहितहरू नरीजातको बमोजिम गर्नू ।

**(क्रमशः)**